# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो । संस्कृत भाषाको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर बनेको 'भाषा' शब्दले 'बोली' भन्ने अर्थ र आधार धातु 'भाष्' ले बोल्नु, प्रकट गर्नु वा भन्नु भन्ने अर्थ दिन्छ । भाषा वैज्ञानिकका अनुसार उच्चारण अवयवद्वारा उच्चरित सार्थक आवाजलाई मात्र भाषा भनिन्छ । भाषा विचार विनिमयको परम्परित माध्यम हो । जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिन्हद्वारा हुने गर्दछ । यसलाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधन मानिन्छ ।

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । घरपरिवार एवम् समाजबाटै सिकिने र समाजमै प्रयोग व्यवहार गरिने भएकाले यसलाई सामाजिक वस्तु वा सम्पत्तिका रूपमा लिइन्छ । यसमा समुदायको जीवनशैली र विश्वास लुकेको हुन्छ । त्यसैगरी भाषाका विभेदजन्य रूपहरू नै भाषिका हुन् । कुनै पनि जीवित भाषाले आफ्नो लामो इतिहासमा भाषिक विशेषतालाई अपरिवर्तित रूपमा राख्न सक्दैन । प्रयोगधर्मिता भाषाको गुण हुनाले जबजब यो प्रयोगमा आउँछ तब यसमा विविधता आउँन थाल्छ । समय वित्दै जाँदा अथवा कतिपय अन्य कारणले गर्दा भाषिक सदस्यहरूबिच सम्पर्क टुट्दै जाँदा कुनै पनि मानक भाषाका उच्चारण, व्याकरण र शव्दशैलीका तहमा कथ्यमा प्रशस्त भिन्नता देखिन थाल्छ । त्यसैले कुनै कालखण्ड, खास स्थान वा भौगोलिक क्षेत्र तथा सामाजिक परिवेशमा ध्वनि, वर्ण, शब्द र अर्थको तहमा भिन्न भएर प्रयोग हुने भाषाको विशेष स्वरूपलाई भाषिका भन्ने गरिन्छ । यसर्थ भाषिका भाषाको विभेदजन्य लघुरूप वा व्यष्टि स्वरूप हो । अतः भाषा मानवीय वस्तु हो । व्यक्तिले आफ्ना अनुभव, अनुभूति र भोगाइका विषयहरू भाषाका माध्यमबाट सम्प्रेषित गर्दछ । भाषा मानिसको दैनिक जीवनयापनका लागि अपरिहार्य तथा अनिवार्य वस्तु हो ।

प्रस्तुत शोधपत्र सुदूरपश्चिमाञ्चल विकास क्षेत्र हालको प्रदेश नं. ७ अन्तर्गत अछाम जिल्लाको साँफेबगर क्षेत्रलाई पृष्ठभूमि बनाई सो क्षेत्रको स्थानीय अछामी भाषिकालाई अध्ययन एवम् विश्लेषणको विषय बनाइएको छ । यस क्षेत्रमा बसोबास गर्ने मानिसले

मातृभाषाको रूपमा अछामी भाषिकाको प्रयोग गर्दछन् भने स्तरीय नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्दछन् । साँफबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाबिचको व्याकरणात्मक कोटिको आधारमा तुलनात्मक अध्ययन गर्नु नै यस अध्ययनको मूल विषय रहेको छ । अछामको आठसौ भेगमा फरक-फरक स्थानीय भाषिक भेद रहेको पाइन्छ । यस क्षेत्रमा कोही र कसैले पनि भाषिक अध्ययनको विषय नवनाइएकोले शोधपत्रको प्राथमिक अवस्था मुख्य विषय बनाइएको छ । यस क्षेत्रमा स्थानीय अछामी भाषा, रीतिरिवाज, संस्कृति आदिलाई झल्काउने मनसायले यो शोध मुख्य अध्ययनको विषय रहेको छ । कुनै पनि क्षेत्रको भाषा, संस्कृति, रहनसहन, रीतिरिवाज, चालचलन, भेषभूषा र मूल्यमान्यता आदि त्यस क्षेत्रका अनुपम सम्पत्ति हुन् । जसलाई खोज र उजागर गर्न जरुरी रहन्छ ।

नेपाली भाषाका पाँच भेद रहेका छन् । यिनै भेदमध्येको यो ओरपच्छिमा भाषिकाअन्तर्गत पर्दछ । यस भाषिकामा बाजुराली र डोटेली भाषिकाको सामान्य प्रभाव परे तापनि अछामी भाषिका आफ्नो नितान्त मौलिक विशेषता बोकेको भाषा हो । अछाम जिल्लाभित्र पनि भिन्न स्थानीय भाषिक भेद रहेकाले यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्न अत्यावश्यक देखिन्छ । तसर्थ यिनै कुरालाई मध्यनजर गरी साँफेबगर क्षेत्रमा बोलिने अछामी स्थानीय भाषिक भेदलाई अनुसन्धानको विषय बनाइएको छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छानिएका कुनै पनि अनुसन्धेय विषयवस्तु नै आफैँमा समस्या हो । यसर्थ साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको अध्ययन नै यस शोधको समस्या रहेको छ । नेपाल एक बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक मुलुक हो । यहाँको भौगोलिक बनोटले पनि भाषिक स्थितिमा प्रभाव परेको पाइन्छ । संसारमा विभिन्न भाषा परिवारका विविध भाषाहरू बोलिन्छन् । नेपालमा पनि भारोपेली, चिनियाँ, तिव्वती, द्रविड र आग्नेली गरी चारवटा परिवारका भाषाहरू बोलिन्छन् (भण्डारी र पोखरेल, २०७२ : ६५) । संसारमा सवैभन्दा बढी भारोपेली भाषापरिवारका भाषाहरू बोलिन्छन् । नेपाली भाषा भारोपेली परिवारको सतम् शाखाबाट आर्यइरानेली तथा संस्कृत प्राकृत र अपभ्रंश भाषा हुँदै इसाइको ११ औँ शताव्दीतिर जन्मिएको हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा र सरकारी कामकाजको भाषा हो ।

नेपाल एक बहुभाषिक मुलुक हो । यहाँको सरकारी कामकाजको भाषा नेपाली हो । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा रहेका छन् । नेपालको सुदूरपश्चिम क्षेत्र विभिन्न रीतिरिवाज, चालचलन, भेषभूषा लोकसंस्कृतिका क्षेत्रमा उर्वर रहेको देखिन्छ । भाषाको प्रयोगको आधारमा रहेका धेरैजसो भेदमध्ये प्रदेश नं. ७ को अछाममा बोलिने भाषिका पनि एक हो । साँफेबगर अछाम जिल्लामा बोलिने स्थानीय भेदमा डोटेली भाषिका र बाजुराली भाषा दुबैको प्रभाव परेको पाइन्छ । अछामी भाषिका स्थान विशेष फरक-फरक किसिमले बोलिन्छ । तसर्थ अछाम जिल्लाको साँफेबगर क्षेत्रमा बोलिने स्थानीय भाषिकाको अध्ययन गर्न खोजिएको छ । नेपाली भाषाको सापेक्षतामा अछाम जिल्लाको साँफेबगर क्षेत्रमा बोलिने भाषिका बिचको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन प्रस्तुत शोधकार्यका निम्न समस्यामा केन्द्रित रहेको छ :

१) साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणात्मक कोटि (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य) बिच केकस्तो समानता/असमानता रहेको छ ?

२) नेपाली भाषीलाई साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाले भाषिक सम्प्रेषणमा पार्ने सम्भावित समस्याहरूको पहिचान कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१) साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणात्मक कोटि (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य) बिच पाइने समानता र असमानताको तुलना गर्नु,

२) नेपाली भाषीलाई साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाले भाषिक सम्प्रेषणमा पार्ने सम्भावित समस्याहरू पहिल्याउनु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चरित हुने सार्थक आवाज हो । भाषाको माध्यमद्वारा मानिसले आफ्ना विचार, धारणा भावनाहरू एक अर्कोसँग सम्प्रेषित गर्दछन् । कुनै पनि व्यक्तिको पहिचान उसको भाषा, संस्कार, सांस्कृतिक, धर्म रीतिरिवाज, चालचलनसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । एउटै भाषाका पनि विभिन्न रूपहरू हुन्छन् । नेपाल बहुभाषिक मुलुक भएकाले नेपाली भाषाका विभिन्न भाषिक भेद जन्मिएका पाइन्छन् । भाषाविद्हरूले भाषालाई विभिन्न भाषिक वर्गमा छुट्याएको पाइन्छ । ओरपच्छिमा वर्गअन्तर्गत पर्ने साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका पनि नेपाली भाषाको एक भेद हो ।

भाषिक संरचनाका आधारमा नेपाली भाषाजस्तै भए पनि उच्चारणका आधारमा साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकामा भिन्नता रहेको पाइन्छ । जस्तैः नेपाली भाषामा राम नदी तऱ्यो, वाक्यलाई अछामी भाषिकामा राम गाड तऱ्यो हुन्छ । त्यसैगरी नेपालीमा अनि संयोजक शब्द जनाउन अछामी भाषिकामा उटी भनिन्छ । अतः साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकामा रहेका व्याकरणिक कोटिहरू के-कस्ता छन् र तिनीहरूको नेपाली भाषासँग व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन सान्दर्भिक देखिन्छ । कुनै पनि भाषाको संरक्षण हुनु र नहुनुमा सम्बन्धित भाषाका वक्ताहरू, भाषिक संरक्षणसँगको सरोकारमा पनि रहेको हुन्छ । संसारमा कतिपय भाषाहरू संरक्षणको अभावमा मृतप्राय रहेका छन् । नेपाली भाषाको बढ्दो दबावले गर्दा अछामी भाषा तथा साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकालाई संरक्षण र सम्बर्द्धन गर्नका लागि केही हदसम्म भए तापनि भाषिक अपक्षय हुनबाट रोक्नका लागि यो अध्ययनको सान्दर्भिकता एवम् उपादेयता रहेको छ । त्यस्तै अछाम जिल्लाका अन्य क्षेत्रमा बोलिने भाषिक भेदको अध्ययन गर्न सहयोग हुनुका साथै, स्थानीय पत्रपत्रिका बिच सामञ्जस्यता गराउन पनि यो अध्ययन सान्दर्भिक देखिन्छ ।

साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाको अध्ययनको सान्दर्भिकतालाई निम्नलिखित बुँदाद्वारा थप प्रस्ट पार्न सकिन्छ :

क) अन्य भाषिक क्षेत्रमा बोलिने अछामी भाषिकाभन्दा यस क्षेत्रमा भिन्न रहेकाले ।

ख) साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र नेपाली भाषा बिचको व्याकरणिक कोटिको अध्ययन नभएकाले ।

ग)	अछामी  भाषिकाको संरक्षण, सम्बर्द्धन तथा आफ्नो मातृभाषाप्रति जवाफदेही र सचेत र जिम्मेवारी राख्नेहरूमा भाषिक अवलम्बन गराउनको लागि ।

घ)	नेपाली भाषा र अछामी भाषिकाको उच्चारणगत भिन्नता थाहा पाउन ।

ङ)	साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाका विशेषताहरू र स्तरीय नेपाली भाषाका विशेषताहरूबारे समानता र भिन्नताको जानकारी पाउन ।

च)	साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाका शब्द, एवम् वाक्य आदि स्तरीय नेपाली भाषासँग केकति मात्रामा फरक छन् भनेर थाहा पाउनको लागि तुलनात्मक अध्ययन गर्न यो शोधपत्रको सान्दर्भिकता र उपादेयता रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

कुनै पनि अनुसन्धेय विषयको एकैपटक सबै क्षेत्रको अध्ययन अनुसन्धान गर्न सकिँदैन । यसका लागि अनुसन्धेय विषयको सीमाक्षेत्र निर्धारण गर्नु आवश्यक हुन्छ । शोधकार्यको सीमाले शोधको उद्देश्य पूरा गर्न ठोस आधार प्रदान गर्दछ ।  शोधको प्रयोजन, समयको सीमितता, आर्थिक कठिनाइ तथा अन्य कतिपय कारणले गर्दा शोधकार्यको समय सीमा निर्धारण गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क)	प्रस्तुत शोधकार्यको अध्ययनको क्षेत्र ओरपच्छिमा भाषिकाअन्तर्गत पर्ने अछाम जिल्लाको आठौ क्षेत्रमा अवस्थित साँफेबगर नगरपालिका मुख्य केन्द्रविन्दु र  साविकको बाब्ला, घुघुरकोट, खप्तड, पातालकोट, देवीस्थान, बुढाकोट गा.वि.स परिधीय क्षेत्रमा केन्द्रित रहेका छन् ।

ख)	यस शोधकार्यमा साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक विश्लेषणमा मात्र सीमित रहेको छ ।

ग)	प्रस्तुत शोधकार्य अध्ययन मुख्यतः साँफेबगर क्षेत्रमा बोलिने भाषिका र नेपाली भाषाको अध्ययनमा सीमित गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि काम थालनी गर्दा त्यस विषयवस्तुसम्बन्धी भए गरेका पूर्वाध्ययन र अनुसन्धानको आधार लिनु राम्रो मानिनुका साथै आवश्यक पनि हुन्छ । विगतले वर्तमानलाई निर्देश गरेजस्तै पूर्वकार्यको अध्ययन विना वर्तमान कार्यले जति हुनुपर्ने हो त्यति सफलता पाउन सक्दैन । सोही कुरालाई मनन गर्दै अनुसन्धानमा यसभन्दा पहिले भएका अध्ययन अनुसन्धानको बारेमा आवश्यक जानकारी लिनु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनपछि मात्र आफ्नो अध्ययन कुन-कुन पक्षमा सीमित गर्ने भन्ने बारेमा यकीन गर्न सकिन्छ । २०६८ को जनगणनाअनुसार अछामी भाषाले छुट्टै भाषाको रूपमा मान्यता प्रदान गरेको छ । नयाँ अध्ययन अनुसन्धानलाई पूर्वकार्यले सहजकर्ताको भूमिका खेल्छ । कुनै पनि शोधकर्तालाई एउटा नयाँ अनुसन्धान कार्यमा सहज र उद्देश्यमूलक ढङ्गबाट अगाडि बढाउन सहयोग मिल्दछ । युग विकासको परिवर्तनसँगै भाषा पनि गतिशीलता र विविधताको स्थितिमा आइपुगेको देखिन्छ । भाषा कुनै पनि समाज देश र व्यक्तिको पहिचान हो । नेपाली भाषाको अध्ययनका क्रममा विभिन्न भाषिक भेद तथा भाषासम्बन्धी अध्ययन अनुसन्धान भएका छन् । नेपाली भाषाको ओरपच्छिमा र परपच्छिमा वर्गका विभिन्न उपभाषिका तथा स्थानीय भाषिक भेदसम्बन्धी अध्ययन अनुसन्धान भएका छन् । ओरपच्छिमा भाषिकाअन्तर्गत रहेर भाषिक अध्ययन अनुसन्धान गरेका आधारहरू न्यून रूपमा छन् । अछामी भाषिकाको स्थानीय भाषिक भेदमा अध्ययन अनुसन्धान नगरेको अवस्था रहेको छ । यही स्थानीय भाषिक भेदको अनुसन्धानहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष आधार बनाएर पूर्वकार्यको समीक्षा गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

यस खण्डमा तुलनात्मक भाषाविज्ञानसम्बन्धी अथवा तुलनात्मक भाषिक अध्ययनलाई विषयवस्तु बनाई तयार गरिएका पुस्तकहरूलाई पूर्वकार्यका रूपमा लिएको छ । सबै पुस्तकहरूको समीक्षा गर्न सम्भव नभएकाले मुख्य मुख्य पुस्तकहरूलाई लिई निम्नानुसार समीक्षा गरिएको छ :

न्यौपाने (२०६१) द्वारा *भाषाविज्ञानको रूपरेखा*मा भाषाको परिचयलगायत व्याकरणिक कोटिको अध्ययन विश्लेषण गरिएको छ । यसमा दिइएको व्याकरणिक कोटिको परिभाषामा कुनै अर्थ तत्त्वलाई कायमै राखी त्यसका अन्य पदसँगको सम्बन्ध जनाउन, वाक्यगत प्रयोगमा ल्याउन, पदका रूपमा परिणत गर्न रूपिमद्वारा अभिव्यक्त सम्बन्धलाई रूपायन भनिने कुरा देखाइएको छ । त्यसबाट बुझिने व्याकरणिक अभिव्यक्तिलाई व्याकरणिक कोटि भनिएको देखिन्छ (न्यौपाने, २०६१ : २७५) । यस्ता व्याकरणिक कोटिहरू सबै भाषामा उही, उस्तै र उत्ति नै हुँदैनन् । सामान्यतयाः नेपाली भाषाका सन्दर्भमा लिङ्ग, वचन, पुरुष, कारक, विभक्ति, अकरण, काल, वाच्य, अर्थ प्रस्तुत गरिएको छ । उक्त पुस्तकको अध्ययन पश्चात् प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणमा पूर्णतः सहयोग पुग्ने देखिन्छ ।

शर्मा र लुइटेल (२०६४) द्वारा *आधुनिक भाषाविज्ञान*मा व्याकरणिक शब्दको लागि रूपायन प्रक्रियाद्वारा देखाइएको छ । जस्तै : विकारी शब्दमा वाक्यात्मक सम्बन्ध र व्याकरणात्मक अर्थको अभिव्यक्तिका लागि शब्दमा गरिने परिवर्तनलाई रूपायन भनिएको देखिन्छ (शर्मा र लुइटेल, २०६४ : १३१ ) । यस प्रक्रियाबाट कोशीय शब्द होइन वाक्यमा प्रयोग हुने व्याकरणिक शब्दको निर्माण गरिन्छ । शब्दमा उद्देश्य-विधेय, कर्म, पूरक आदि वाक्यात्मक सम्बन्धको परिवर्तनद्वारा अथवा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव आदि व्याकरणिक अर्थको परिवर्तनद्वारा रूपायन गरिएको छ । रूपायन गर्दा एउटै शब्दको रूपावली तयार हुन्छन् । यस प्रक्रियामा आधार तत्त्व (शब्द, धातु) मा व्याकरणात्मक अर्थ दिने प्रत्यय गाँसेर रूपको निर्माण गरिन्छ । उक्त पुस्तकको अध्ययन पश्चात् प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणमा पूर्णतः सहयोग पुग्ने देखिन्छ ।

गौतम र चौलागाई, (२०६७) द्वारा *भाषाविज्ञानमा* नेपालीका व्याकरणात्मक कोटिका सङ्केतक रूपहरूमा व्याकरणात्मक कोटिलाई सङ्केत गरेको छ । वाक्यात्मक संरचनामा प्रयुक्त पदअन्तर्गत आएका कोशीय कोटिबाहेकका भाषिक रूप (रूपायक प्रत्यय) ले सङ्केत गर्ने लिङ्ग, वचन, पुरूष, कारक, काल, पक्ष, भाव, वाच्य, आदर जस्ता कुराहरू सङ्केतक गरिएको छ (गौतम र चौलागाई, २०६७ : १८१) । यहाँ नेपालीमा व्याकरणात्मक कोटिको कस्तो-कस्तो व्यवस्था छ र त्यसका सङ्केतक रूपहरू के कस्ता र के कति छन् भन्ने

बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा सिद्धान्त निर्माणमा पूर्णतः सहयोग पुग्ने देखिन्छ ।

अधिकारी, (२०७१) द्वारा *समसामयिक नेपाली व्याकरणमा* व्याकरणात्मक कोटिका बारेमा अध्ययन गर्दा वाक्यमा प्रयोग भएका शब्दहरू बिचको रूपात्मक मेल वा अनुकूलनलाई मानिएको छ । विशेष गरेर कर्ता क्रियापद तथा विशेष्य (नाम/सर्वनाम) र विशेषणका बिचको मेललाई लिइएको पाइन्छ । यस्ता कोटिहरूमा लिङ्ग, वचन, पुरूष, कारक, काल, पक्ष, भाव, वाच्य, आदर आदिका दृष्टिले कायम हुने कोटि नै व्याकरणात्मक कोटि हुन् भनेको पाइन्छ ।

आचार्य, (२०५८) द्वारा *आधारभूत नेपाली व्याकरण तथा रचना* पुस्तकमा व्याकरणिक कोटि भनेको वाक्य रचनामा शब्दहरूबाट स्पष्ट हुने सम्बन्ध हो वाक्यात्मक घटकको रूपमा आएका हरेक पदसँग क्रियासँग सम्बन्धित हुन्छन् भनी प्रस्ट पारेका छन् । यस व्याकरणिक सम्बन्ध तत्त्व नै व्याकरणात्मक कोटि हुन् । वाक्य रचनामा पदबाट प्रकट हुने अलग अलग कार्यको आधारमा व्याकरणात्मक कोटिको निर्धारण हुन्छ । यस्तो कोटि लिङ्ग, वचन, पुरूष, कारक, काल, पक्ष, भाव, वाच्य, आदर आदि हुन् ।

भण्डारी (२०७४) द्वारा *प्राज्ञिक लेखन तथा सम्पादन* शीर्षकको ग्रन्थ तयार गरिएको छ । उक्त ग्रन्थमा लेखन कला र भाषा सम्पादनबारे विस्तृत समीक्षा गरिएको छ । त्यस्तै पूर्वकार्यको समीक्षालेखन, अनुसन्धानमूलक लेख लेखन, प्रतिवेदन लेखन, शोधसार लेखन, अनुसन्धान प्रस्ताव लेखन, भाषा संशोधन, भाषा सवम्पादन, भाषा संशोधनमा प्रयोग हुने चिह्न आदि विभिन्न कुराको विस्तृत रुपमा उल्लेख गरिएकाले यो ग्रन्थ प्राज्ञिक लेखनका दृष्टिले अति नै उपयोगी देखिन्छ । त्यसैले उक्त सामग्रीलाई द्वितीयक सामग्रीका रुपमा लिइएको छ । यस पुस्तकको माध्यमबाट पूर्वकार्यको समीक्षा लेखन गर्न, शोधसार लेखन र भाषा संशोधन गर्न सहयोग पुग्ने भएकाले यो ग्रन्थ सैद्धान्तिक आधार निर्माणका साथै लेखन तथा सम्पादनमा विशेष उपयोगी देखिन्छ ।

यसरी विभिन्न किसिमका पुस्तकहरूको समीक्षात्मक अध्ययन गरी तुलनात्मक भाषा विज्ञानलाई आधार बनाई समीक्षात्मक अध्ययन गरिएको छ । सबै पुस्तकहरूलाई आधार बनाउन नसकिने भएकाले केही पुस्तकहरूलाई मात्र लिइएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

बोहोरा (२०६२) द्वारा 'बझाङी भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा बझाङी र स्तरीय नेपाली भाषाको प्रयोगमा भएका त्रुटिका क्षेत्रहरू पहिल्याउनु जस्ता उद्देश्य रहेको पाइन्छ । भाषाको उच्चारण प्रक्रिया शव्दको रूपायन प्रक्रिया, कारक विभक्ति प्रयोगको स्थितिलाई नेपाली भाषासँग तुलना गरिएको पाइन्छ । दुवै भाषाबिच ध्वन्यात्मक र रूपात्मक प्रत्यय चयनगत विचलन र बोधगम्यतामा समस्या आउने गरेको निष्कर्ष निकालिएको पाइन्छ ।

रौले (२०६२) द्वारा 'बाजुराली भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा उनले बाजुराली भाषाको र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिको विचमा व्यतिरेकी विश्लेषण गर्ने उद्देश्य राखेको पाइन्छ । प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन गरेर अध्ययन गरिएको पाइन्छ । रौलेले उक्त अध्ययनमा स्तरीय नेपाली भाषाभन्दा बाजुराली भाषामा आदरार्थी प्रयोग न्यून देखिन्छ भन्ने निष्कर्ष निकालेको छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन कार्यमा सहयोग पुगेको पाइन्छ ।

ढकाल (२०६२) द्वारा 'अछामी भाषा र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा अछामी भाषाको परिचय दिनु, अछामी भाषा र स्तरीय नेपाली भाषाबिच व्याकरणात्मक कोटिका आधारमा तुलना गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ । यसमा प्राथमिक र द्वितीयक अध्ययन विश्लेषण गरिएको पाइन्छ । उक्त अध्ययनमा उच्चारण प्रक्रिया, शव्दहरूको रूपायन, विभक्ति प्रयोग पदसङ्गति आदिको विश्लेषण गरेर दुबै भाषामा प्रशस्त विविधता रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा सैद्धान्तिक अवधारणा तयार गर्न सहयोग पुगेको पाइन्छ ।

जोशी (२०६३) द्वारा 'डोटेली भाषाका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन' शीर्षकमा आधारित भएर शोधकार्य गरिएको छ । उक्त अध्ययनले डोटेली भाषाका विशेषता पहिल्याउने, डोटेली भाषा र नेपाली भाषाका व्याकरणिक कोटिका बिच तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखेको पाइन्छ । डोटेली भाषाको उच्चारण व्यवस्था

रूपायनको प्रक्रिया र उक्त भाषाको कारक र विभक्तिको  प्रयोगको बारेमा विश्लेषण गरी काल, पक्ष, भाव, वाच्यका आधारमा अर्थका आधारमा स्तरीय नेपाली भाषा र डोटेली भाषाको रूपात्मक र ध्वन्यात्मक भिन्नता रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा अध्ययन विधिको ढाँचा तयार गर्न सहयोग पुगेको पाइन्छ ।

शाह (२०६७) द्वारा 'कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन' शीर्षकमा शोधकार्य गरेको छ । उक्त शोधकार्यको उद्देश्य कैलाली जिल्लाको थारू भाषा र स्तरीय नेपाली भाषाबिच व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी विश्लेषण गर्नु रहेको छ । यस शोधकार्यमा प्राथमिक र गौण स्रोत विधि अपनाइएको छ । भाषा, स्थान भूगोलअनुसार फरक -फरक बोलिने भएकाले यसले अरू क्षेत्रको थारू भाषालाई समेट्न सकेको देखिँदैन । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा नयाँ तथ्य  वा सूचना प्राप्त गर्न सहयोग पुगेको पाइन्छ ।

पाण्डे (२०६८) द्वारा 'बाजुरा जिल्लाको कुण्डादरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन' शीर्षकको शोधकार्यमा नेपाली भाषा र बाजुरा जिल्लाको कुण्डादरामा बोलिने भाषिक भेदको लिङ्ग, वचन, कारक, विभक्ति, काल, पक्ष, भाव र वाच्यकोटिका आधारमा यी दुई भाषा बिचमा समानता र असमानता पत्ता लगाउने उद्देश्य राखेको छ । जसमा मुख्यतः प्राथमिक सामग्री द्वितीयक सामग्री सङ्कलन र जनसङ्ख्या छनोट विधि अपनाइएको छ । यो शोधकार्यमा बाजुरा जिल्लाको उत्तरी क्षेत्रको स्थानीय भेदमात्र लिइएको छ भने अरू भाषिक भेदलाई समेट्न सकेको छैन् । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा समग्र शोधको संरचना तयार गर्न सहयोग पुगेको पाइन्छ ।

बुढा (२०६८) द्वारा 'सिँजाली भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । जसमा सिँजाली भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन गर्नु, सिँजाली भाषीले नेपाली सिक्दा गर्ने त्रुटिहरू पूर्वानुमान गर्नु, यस शोधकार्यको मुख्य उद्देश्य रहेका छन् । प्रस्तावित शोधकार्यलाई पुरा गर्ने क्रममा प्राथमिक र द्वितीयक सामग्रीको अङ्गीकार गर्दै

सङ्कलित सामग्रीलाई वर्णनात्मक र तुलनात्मक पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन कार्यमा सहयोग पुगेको पाइन्छ ।

बम (२०६९) द्वारा 'बोगटान क्षेत्रमा बोलिने डोटेली भाषाको अध्ययन' शीर्षकमा डोटी जिल्लाको बोगटान क्षेत्रमा बोलिने डोटेली भाषाको परिचय दिनु, बोगटानी डोटेली भाषाको विशेषताहरू पहिचान गर्नु जस्ता उद्देश्य निर्धारण गरेको पाइन्छ । यस अध्ययनका क्रममा डोटी जिल्लाका कानाचौर, सिमचौर, लानाकेदारेश्वर र चवराचौतारा गरी चारवटा गा.वि.स का चारसय जना भाषिक बक्ताहरूमध्ये असी जनालाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । प्रत्येक गा.वि.स बाट नमुना छनोटका रूपमा दशजना महिला र दशजना पुरुषलाई लिइएको छ । उक्त शोधपत्रमा सर्वेक्षण विधि र पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरिएको पाइन्छ । बोगटानी क्षेत्रमा डोटेली भाषाको उच्चारण व्यवस्था रूपायनको प्रक्रिया र उक्त भाषाको कारक र विभक्तिको प्रयोगको बारेमा विश्लेषण गरी स्तरीय नेपाली भाषा र बोगटानी क्षेत्रमा बोलिने भाषाको रूपात्मक र ध्वन्यात्मक भिन्नता रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा सैद्धान्तिक अवधारणा तयार गर्ने कार्यमा सहयोग पुगेको पाइन्छ ।

बोगटी (२०७०) द्वारा 'डोटेली भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । बोगटीले यस शोधपत्रमा डोटेली भाषाको परिचय दिनु डोटेली भाषाका र स्तरीय नेपाली भाषाको उच्चारण प्रक्रिया, रूपायन प्रक्रिया र कारक र विभक्तिको पहिचान गर्नुजस्ता उद्देश्य निर्धारण गरिएको पाइन्छ । यस अध्ययनका क्रममा डोटी जिल्लाका खातिवडा, बगलेक, डौड, तोलेनी र छापाली गा.वि.स का दस-दस जनाका दरले पचास जना र दिपायल र सिलगढी नगरपालिकाका पचासजना गरी एकसय जनालाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त शोधपत्रमा स्तरीय नेपाली भाषा र डोटेली भाषाको उच्चारण प्रक्रिया, रूपायन प्रक्रिया र कारक र विभक्ति प्रयोगको स्पष्ट रूपमा विश्लेषण गरी भिन्नता रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा नयाँ तथ्य वा सूचना प्राप्त गर्न सहयोग पुगेको पाइन्छ ।

जोशी (२०७३) द्वारा 'नौविस क्षेत्रमा बोलिने बाजुराली भाषा र स्तरीय नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । नौविस

क्षेत्रमा बोलिने बाजुराली भाषाको परिचय, नौविस क्षेत्रमा बोलिने बाजुराली भाषाका विशेषताहरू पहिल्याउनु, नौविस क्षेत्रमा बोलिने बाजुराली भाषा र स्तरीय नेपाली भाषाबिच भएका समानता र असमानता पहिल्याउनु जस्ता उद्देश्य निर्धारण गरिएको पाइन्छ । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य कोटिका आधारमा यी दुई भाषाबिच समानता र असमानता पत्ता लगाउने उद्देश्य राखेको छ । जसमा प्राथमिक र द्वितीयक स्रोत विधि अपनाइएको छ । भाषा स्थान भूगोलअनुसार फरक-फरक बोलिने भएकाले बाजुराको उत्तरी क्षेत्रको भाषालाई समेट्न सकेको छैन र यसमा नौबिस क्षेत्रको भाषामात्र समेटेको पाइन्छ । उक्त शोधपत्रको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा शोधको संरचना तयार गर्ने कार्यमा सहयोग पुगेको पाइन्छ ।

तसर्थ माथिका विभिन्न शोधपत्रहरू प्रायः विभिन्न भाषाका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण र तुलनात्मक अध्ययनमा केन्द्रित छन् । अनुसन्धान गर्न लागिएको शीर्षकमा कुनै अध्ययन अनुसन्धान नभएकाले ‘साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन’ नामक शीर्षकप्रति चासो राख्ने जो कोहीका लागि यो अध्ययन फलदायी हुने विश्वासका साथ यो शोधकार्य गरिएको छ ।

## २.२ सैद्धान्तिक परिचय

### २.२.१ साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषाको परिचय

अछाम जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने मध्य पहाडी भूभाग भएको जिल्ला हो । नेपालको संविधान २०७२ अनुसार धारा ५६ को उपधारा (३) सँग सम्बन्धित भई अनुसूची ४ को प्रदेश नं. ७ मा अवस्थित रहेको छ । अछाम जिल्ला प्राकृतिक स्रोत साधनले भरिपूर्ण हुँदाहँदै तिनीहरूको उचित प्रयोग नहुँदा प्राकृतिक स्रोतसाधनहरू ओझेलमा परेका छन् । अछाम जिल्ला २८° ४७' उत्तरदेखि २९°२३" उत्तरी अक्षांश र ८१°३५" पूर्वी देशान्तरमा पर्दछ ।

समुन्द्र सतहबाट न्यूनतम ५४० मिटरदेखि अधिकतम ३८२० मि. उचाइसम्म रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १,६९२ वर्ग कि.मि रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये यहाँको कुल जनसङ्ख्या २,५७,४७७ रहेको छ । दुईवटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा चारवटा नगरपालिका र छवटा गाउँपालिका रहेका छन् । अछाम जिल्लाको पूर्वमा दैलेख र कालीकोट, पश्चिममा डोटी, उत्तरमा बझाङ, बाजुरा र दक्षिणमा सुर्खेत जिल्ला रहेका छन् ।

अछाम जिल्लामा ब्राहमण, क्षेत्री, ठकुरी, सन्यासी, नायक, कडायत, चाड, बुढा, वैश्य भूल, दमाइ, कामी, सार्की, बाढी, मुस्लिम आदि पर्दछन् । हिन्दु, बौद्ध, क्रिस्चियन, मुस्लिम आदिको बसोबास रहेको पाइन्छ । अछाम जिल्लाका मुख्य बालीहरू धान, मकै, गहुँ, कोदो, जौ, मास, भटमास, सिमी, तोरी, जुनेलो, आलु आदि पाइन्छन् ।

यहाँका सामुदायिक वनमा साल, सिसौ, खयर, बाँज, खरेज, सल्ला, सिमल, उत्तीस, धुपीसल्ला, मलाते पाइनुका साथै, मृग, चितुवा, स्याल, भालु, मलसाप्रो, दुम्सी, बदेल, ब्वाँसो समेत पाइन्छन् । समशितोष्ण हावापानी रहेका जिल्लामा बुढीगंगा नदी, कैलाश खोला, छिपेखोला र प्रभाली गाड जस्ता प्रमुख नदी, खोला (गाड) रहेका छन् । जिमराढी क्षेत्र, वैजनाथ धाम जस्ता क्षेत्रहरू यहाँका पर्यटकीय तथा धार्मिक स्थलहरू हुन् ।

नेपालको एकीकरणको समयमा अछाम बाईसी राज्य समूहको एउटा सदस्यको रूपमा रहेको थियो । कर्णाली प्रदेशमा नागराजवंशीय मल्लहरू शासन गर्नुपूर्व अछाममा पालहरूले शासन गरेका थिए । त्यसपछि मल्लहरूको शासनकालमा अछाममा सभ्यताको विकास भयो । तत्पश्चात् उनीहरूको शक्ति कम हुँदै जाँदा कर्णाली र गण्डकी प्रदेशमा स-साना राज्यहरूको उदय हुने क्रममा अछाम पनि स्वतन्त्र हिन्दू राज्यको रूपमा स्थापना भएको थियो । अछाम क्षेत्रमध्ये कालमा विकसित भएको खस सभ्यताको उद्गम स्थलको रूपमा रहेको थियो ।

प्राचीनकालमा हालको अछामलाई 'नौखुवा' को नामले चिनिन्थ्यो । नौखुवाको अर्थ नौवटा खण्डहरू भन्ने बुझिन्छ । त्यस समयमा अछामलाई विभिन्न नौवटा खण्डहरूमा विभाजन गरी स-साना राज्यहरू सञ्चालनमा रहेका थिए । साँफेबगर क्षेत्रलाई आठसौ क्षेत्र पनि भनिन्छ । बाइसे चौविसे राज्यकालमा साँफेबगर क्षेत्रमा आठसय घरधुरी रहेकाले त्यस क्षेत्रलाई आठसौँ क्षेत्र भनिएको भन्ने जनश्रुति रहेको पाइन्छ ।

अछामको साँफेबगरबाट खप्तड जाने मार्ग बनेको छ । साँफेबगर क्षेत्र व्यापारिक केन्द्रका रूपमा परिचित रहेको पाइन्छ । यो व्यापारिक केन्द्रमा प्रायः दैनिक उपभोग्य वस्तु

तथा स्थानीय उत्पादन वस्तुहरूको खरिद बिक्री गरिन्छ । नेपाल सरकार 'मन्त्रिपरिषद्' को मिति २०७१/०१/२५ को निर्णयबाट नगरपालिकाको केन्द्र साँफेबगर रहने गरी साँफेबगर नगरपालिका समेत घोषणा भइसकेको छ । विविध जातजातिहरूको बसोबास रहेको क्षेत्रमा भाषिक विविधता पनि पाइन्छ । शैक्षिक अवस्था पनि प्राथमिक तहदेखि स्नातक तहसम्म शिक्षाको अवसर रहेको छ । यस क्षेत्रमा बोलिने भाषालाई निम्न आधारबाट स्थानीय भेद मान्न सकिन्छ :

(१) साँफेबगर क्षेत्र अछाम जिल्लाको प्रमुख व्यापारिक केन्द्र भएकाले ।

(२) डोटी, बझाङ बाजुरासँग विवाह, नातागोता, व्यापार सम्बन्धमा नजिक भएकाले

(३) नेपाली भाषाको उत्पत्ति भएको सिञ्जा क्षेत्रको नजिक भएकाले ।

(४) बाइसे चौविसे राजाहरू आठसौ क्षेत्रको संज्ञा दिएकाले ।

(५) बाजुरा जिल्लाको पुरानो सदरमुकाम बार्जुकोट नजिक भएकाले ।

### २.२.२ भाषाका विशेषताहरू

क) भाषा विचार विनिमयको माध्यम हो । यसलाई आत्मिक प्रस्तुतिको प्रखर माध्यम मानिन्छ ।

ख) भाषा मानवीय वस्तु हो । भाषाको प्रयोग मानिसले मात्र प्रयोग गर्ने भएकाले यसलाई मानवीय वस्तु मानिन्छ ।

ग) भाषा सामाजिक वस्तु हो । मानिस सामाजिक प्राणी हो भने भाषा सामाजिक वस्तु हो । कारणः दुवैको जन्म, वृद्धि र विकास समाजमै हुन्छ ।

घ) भाषा परम्परित वस्तु हो । भाषा एक किसिमको परम्परामा आधारित वस्तु हो । परम्पराले विगतदेखि वर्तमान र भविष्यसम्मको निरन्तरतालाई जनाउँछ ।

ङ) भाषा यादृच्छिक हुन्छ । भाषिक सञ्चारमा प्रयोग हुने कुनै विषय वा वस्तु जनाउने प्रतीकलाई विना कुनै तर्क स्वीकार गर्नुलाई यादृच्छिकता भनिन्छ ।

च)   भाषा परिवर्तनशील हुन्छ । भाषा निरन्तर वेगवान र परिवर्तनशील वस्तु हो । क्रमसँगै भाषाको स्वरूपमा पनि परिवर्तन देखापर्दछ ।

### २.२.३ भाषिकाका विशेषताहरू

जसरी भाषामा केही निश्चित विशेषताहरू लुकेका हुन्छन् त्यसैगरी भाषिकाहरूमा पनि आफ्नै खाले विशेषताहरू रहेका हुन्छन् । भाषिकामा भएका यिनै विशेषताका आधारमा नै ती भाषिका कुन ठाउँका हुन् भन्ने कुरा पहिचान गर्न सकिन्छ ।

क)   भाषिकामा बोधगम्यता रहन्छ ।

बोधगम्यता भनेको एउटा भाषाभित्र देखापर्ने भाषिकाहरू त्यस भाषाका वक्ताहरूले बुझ्न सक्ने स्थिति हो । नेपालीभाषी वक्ताहरूले नेपाली भाषाका विभिन्न पाँच भाषिकाको वार्तालाप बुझ्न सक्नु बोधगम्यता हो ।

ख)   भाषिकामा स्थानीयताको रङ्ग पाइन्छ ।

कुनै पनि भाषामा जव स्थानीयताको प्रभाव पर्दै जान्छ फलतः त्यस भाषामा भाषिकाको जन्म हुन्छ ।

ग)   भाषिकाको आफ्नै भौगोलिक सीमा हुन्छ । भनिन्छ दुई कोसमा पानी फेरिन्छ भने प्रत्येक चार कोसमा भाषा फेरिन्छ । हामी जुन क्षेत्रमा जान्छौँ र त्यसलाई त्यस ठाउँको बोली बोलेको सुन्छौँ र त्यस क्षेत्रको बोली भनेर चिन्छौँ । यसको खास कारण भौगोलिक सीमा हो ।

घ)   भाषिका लोकबोलीमा आधारित हुन्छ ।

लोकजीवनमा यदि कुनै पनि राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि कारणले परिवर्तन आयो भने तिनले प्रयोग गर्ने स्थानीय बोलीमा पनि परिवर्तन आउन थाल्छ  अतः भाषिका लोकबोलीमा आधारित हुन्छ ।

ङ)   भाषिका अनौपचारिक स्वभावको हुन्छ ।

मानिस आफ्ना अधिकांश अभिव्यक्तिहरू भाषिकामै दिइरहेको हुन्छ । अनौपचारिकता भाषाको अर्को विशेषता हो ।

### २.२.४ भाषिका निर्धारक तत्त्वहरू

भाषिका भाषाका अङ्ग हुन् । जबजब भाषाको विकास हुँदै जान्छ तव भाषिकाको विकास हुने क्रम जारी रहन्छ (आचार्य, २०६६ : २३१) ।

क) **ऐतिहासिकता** : समयको अन्तरालबाट जन्मिएका भाषिकालाई ऐतिहासिक भाषिका भन्ने गरेको पाइन्छ । अतः ऐतिहासिकता भाषिका निर्धारणको प्रमुख तत्त्व हो ।

ख) **सामाजिकता** : सामाजिक संरचनागत विविधताका कारण एउटै भाषालाई पनि भिन्न तरिकाले प्रयोग गरिरहेको हुन्छन् । फलस्वरूप त्यहाँ एउटै भाषाका अनेक भाषिका देखा पर्दछ । जसलाई सामाजिक भाषिका भनिन्छ ।

ग) **प्रयोजनपरकता** : कुनै पनि भाषाको प्रयोग विभिन्न प्रयोजनका लागि विभिन्न विषय क्षेत्र (साहित्य, सञ्चार, अड्डा, अदालत, समारोह, विज्ञान, प्रविधि, पत्रपत्रिका आदिमा विभिन्न शैलीमा गरिन्छ ।

घ) **भौगोलिकता** : कुनै पनि भाषा प्रयोग हुने सम्बन्धित ठाउँको भूबनोट, त्यहाँको हावापानी दुर्गमता, सृजना आदि भौगोलिक कारणले पनि भाषा वा भाषिकामा विभेद सृजना गरिदिन्छ ।

### २.२.५ भाषिका छुट्याउने वा पहिचान गर्ने आधारहरू

भाषा र भाषिकालाई छुट्याउने वा पहिचान गर्ने आधारहरू विभिन्न भेटिन्छन् । केही आधारहरूको चर्चा गरिएको छ (आचार्य, २०६६ : २३३) ।

१) **राजनीतिक सीमा** : नेपालको दार्चुला र भारतको धार्चुलामा बोलिने भाषामा बोगगम्यता भए पनि राजनीतिक सीमा बाहिर पर्ने हुनाले यी एउटै भाषाका भाषिका नभई छुटाछुट्टै भाषिका हुन् तर नेपालको इलाममा बोलिने र पश्चिम बैतडीमा बोलिने नेपालीमा बोधगम्यता कम भए पनि राजनीतिक सीमाका कारण नेपाली भाषाका भाषिका मानिन्छ ।

२) **ऐतिहासिकतानिष्ठ आधार** : कुनै भाषा र भाषिकाहरू एकै भाषापरिवारका सदस्य हुन्छन् भने तीमध्ये जसलाई ऐतिहासिक दृष्टिले मूलस्रोत

ठहराइन्छ । त्यसलाई भाषा मानिन्छ र त्यसबाट उत्पन्न अन्य भाषिक भेदलाई भाषिका मानिन्छ ।

३) **लोकमतनिष्ठ आधार** : यो भाषिक समुदायका जनसङ्ख्याबाट व्यक्त हुने अभिमतमा आश्रित आधार हो ।

४) **मानकतानिष्ठ आधार** : यस आधारमा भन्दा समान स्रोतका विविध भाषिकामध्ये मानक मानिएको भाषिक स्वरूप भाषा हो भने शेष चाहिँ भाषिका हुन् ।

५) **संस्थानिष्ठ आधार** : यो भाषा र भाषिका छुट्याउन तिनको सामाजिक भूमिकालाई दृष्टिगत गर्ने आधार हो । यसअनुसार कुनै भाषाभाषिका निर्धारण गर्दा सम्वन्धित भाषिक समाजको सम्प्रेषण व्यवस्था र जातीय वा राष्ट्रिय चेतनालाई अनुसरण गरिन्छ ।

# अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

जुनसुकै अध्ययन अनुसन्धान कार्यका लागि अध्ययन विधिको आवश्यकता पर्दछ । कुनै पनि अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्न आवश्यक मापदण्ड चाहिन्छ । आफूले निर्धारण गरेको मापदण्ड र सिद्धान्तका आधारमा अध्ययनलाई अगाडि बढाउँदा व्यवस्थित र प्रभावकारी हुन्छ । अनुसन्धानमूलक कार्य व्यवस्थित रूपले सम्पन्न गर्नको लागि शीर्षक र अध्ययनको प्रकृति अनुरूपको विधि छनोट गरेर अगाडि बढाउनु पर्ने हुन्छ ।

### ३.१ जनसङ्ख्या र अध्ययनको क्षेत्र

भाषिक अध्ययन तथा अनुसन्धान गर्न सम्बन्धित भाषाका बक्ताहरूलाई केन्द्रमा राखी अध्ययन गर्न सकिएको छ । यस अध्ययनका लागि साँफेबगर नगरपालिका साविकको बाब्ला, घुघुरकोट, देवीस्थान, खप्तड र पातलकोट गाविसहरूबाट नमुना प्रतिनिधिका रूपमा दस-दस जना गरी पचास जनालाई लिइएको छ ।

यो अध्ययन विशेषगरी अछाम जिल्लाको आठसौँ क्षेत्रमा पर्ने साविकको गाविसहरूलाई समेटी साँफेबगर नगरपालिकालाई केन्द्रमा राखी अध्ययनको क्षेत्रभित्र समावेश गरिएको छ ।

### ३.२ नमुना छनोट

निर्धारित जनसङ्ख्याबाट छनोट गरिएको सानो अंश अथवा एकाइ नै नमुना छनोट हो ( भट्टराई, २०६८ : ७३) । कुनै पनि अनुसन्धानमूलक कार्यको समग्रतामा स्वाभाविक र सम्भव नहुने हुँदा नमुना छनोट गरेर अध्ययन कार्यलाई निरन्तरता दिने गरिन्छ । यस्तो खालको नमुना प्रतिनिधिमूलक हुन्छ । जसबाट प्राप्त भएको विवरण तथा निष्कर्षलाई समग्र रूपमा सामान्यीकरण समेत गरिन्छ । प्रस्तुत अध्ययन अनुसन्धान भाषिकाको बारेमा  हुने भएकाले सम्बन्धित केन्द्रीय क्षेत्र साँफेबगर र अन्य परिधीय क्षेत्रमा बोलिने अछामी भाषिका बोल्ने वक्ताहरू मात्र नमुनाका रूपमा रहेका छन् । यस अध्ययनका लागि साँफेबगर नगरपालिका साविकको बाब्ला, घुघुरकोट, देवीस्थान, खप्तड र पातलकोट गाविसहरूबाट नमुना प्रतिनिधिका रूपमा दस-दस जना गरी पचास जनालाई लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैँले सम्बन्धित क्षेत्रमा गई पहिलो पटक सङ्कलन गरेको सामग्रीलाई प्राथमिक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । जुन ठाउँमा अनुसन्धानकर्ताले आफ्नै प्रयासमा विभिन्न साधनहरूको उपयोग गरेर सामग्री प्राप्त गर्छ त्यस्तो स्रोतलाई प्राथमिक स्रोत भनिन्छ । साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन शीर्षकमा आधारित शोधकार्य गर्नका लागि सामग्री सङ्कलनको मुख्य स्रोत शोधकर्ता स्वयम् यस भाषाको मूल वक्ता भएकाले सामग्री सङ्कलनका लागि आफैंलाई सूचक मानी यस अध्ययनको मूलकेन्द्रको रूपमा साँफेबगर क्षेत्रमा प्रयोग हुने आधारभूत शव्द र वाक्यहरू सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई आवश्यकताअनुसार प्रश्नावलीको प्रयोग गरी सम्बन्धित क्षेत्रमा बसोबास गर्ने मूल भाषीहरूसँग रुजु गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

पहिले अरू अनुसन्धानकर्ता व्यक्ति वा संस्थाले सङ्कलन गरेका वा अनुसन्धानको क्रममा अरूले उपयोग गरेका सामग्रीलाई द्वितीयक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । यस्तो स्रोतमा अनुसन्धानकर्ताको प्रत्यक्ष संलग्नता हुँदैन । द्वितीयक स्रोतलाई सहायक स्रोत पनि भनिन्छ । यसमा द्वितीयक सामग्रीका रूपमा सम्बन्धित विषय क्षेत्रका पूर्वकार्यहरू, सन्दर्भपुस्तकहरू, लेख, विभिन्न समसामयिक सामग्री यस शोधअध्ययनका द्वितीयक सामग्री रहेका छन् ।

## ३.४ व्याख्या विश्लेषण

प्रस्तुत अनुसन्धानबाट सङ्कलित सामग्रीलाई सत्यापन गर्ने, वर्गीकरण गर्ने, अध्ययन र तुलनात्मक विश्लेषण गर्ने, चलहरू बिचमा समानता र असमानताका आधारमा प्राप्त सामग्रीलाई तालिकीकरणमा प्रस्तुत गरिएको छ । शब्दमा तथा वाक्यगत उदाहरणहरू दिएर साँफेबगर क्षेत्र अछाममा बोलिने भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना गरी के कति मात्रामा समानता र असमानता छ भनी आवश्यकताअनुसार व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

अछामी भाषाको स्थानीय भाषिक भेद र नेपाली भाषाको कथ्य भेद भएकाले नेपाली भाषाभन्दा फरक हुन सक्दैन । बाजुराली भाषिक प्रभाव र दक्षिण र पश्चिम क्षेत्रमा डोटेली र बझाङ्गी भाषाको पनि प्रभाव देखिन्छ । यस किसिमले एक मात्रामा ध्वनिगत, शब्दगत, रूपगत आधारमा समानता देखिन्छ । यति हुँदाहुँदै पनि अछामी भाषिक भेदमा आफ्नै किसिमको मौलिकपनका कारणले स्तरीय नेपाली भाषाको एक छुट्टै कथ्य स्थानीय भाषिक भेदका रूपमा रहेको देखिन्छ । यस अध्यायमा स्थानीय भाषिक भेदका विशेषताहरूको संक्षिप्त चर्चा गरिएको छ ।

क) क्रियापदको 'ग' ध्वनि 'ह' मा परिवर्तन हुनु, जस्तै :

गरेको : हऱ्याको

गर्छ : हर्छ

ख) पदान्तरमा 'ड' ध्वनि 'ण' ध्वनिमा परिवर्तन हुनु, जस्तै :

वडा : वणा

काँडा : काँणा

गाडा : गाणा

जाडो : जाणो

चाँडो : चाँणो

भाँडा : भाँणा

ग) क्रियापदको पदहरूमा 'या' ध्वनिमा प्रयोग देखिन्छ । जस्तै :

मरेको : मऱ्याको

छरेको : छऱ्याको

खनेको : खन्याको

गरेको : हऱ्याको

दौडेको : दौडऱ्याको

सुतेको : सइऱ्याको

घ) आफ्नै किसिमका मौलिक अव्यय शब्दहरू प्रयोग हुन्छन् । जस्तै :

माथि : मुथि/हप्प/ उबो

हिजो : बेली

पर्सो : पोरु

ङ) पदमध्येको ‘स’ ध्वनि ‘इ’ मा परिवर्तन हुनु, जस्तै :

कसको : कइको

जसको : जइको

त्यसको : त्यइको

च) ‘र’ संयोजकका सट्टा ‘रे’ संयोजकको प्रयोग हुनु, जस्तै :

विकास र कोपिला- विकास रे कोपिला

छ) महाप्राण ध्वनि अल्पप्राण ध्वनिमा परिवर्तन हुनु जस्तै :

बाघ : बाग

कुखुरा : कुकुणा

## ४.२ साँफेबगर क्षेत्र अछामको स्थानीय भाषिक भेद र स्तरीय नेपाली भाषाको तुलना

भाषाविद् बालकृष्ण पोखरेलले अछामी भाषालाई ओरपच्छिमा भाषिकाअन्तर्गत राखेका छन् । ओरपच्छिमा भाषिकाअन्तर्गत अन्य स्थानीय भाषिक भेद र नेपाली भाषासँग तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. १**

**स्थानीय भाषिक भेद र स्तरीय नेपाली भाषाको तुलना**

| क.सं. | नेपाली भाषा | स्थानीय भाषिक भेद | अन्य स्थानीय भाषिक भेद |
|---|---|---|---|
| १ | भतिजी आइ । | भदु आई । | भदैनी आई । |
| २ | गोठाले जान्छु । | गोत्थी जाँदो भया । | गोरुखी जाँदो भया । |
| ३ | हजुर बुबा गफ गर्नु हुन्छ । | बुबु कुणा हरदा छन् । | बाज्यु कुणा हरदा छन् ।<br>बड्डा कुणा हरदा छन् । |
| ४ | तपाइँका केटाकेटी सञ्चै हुनुहुन्छ ? | तम्रा फोल्याउँटा फोल्याउँटी निकइ छन् । | तम्रा सङ्ग्ल्याउँटा सङ्ग्ल्याउँटी निकाइ छन् । |
| ५ | अनि | उँटी | उछि |
| ६ | नन्द | गोसी | गोसिउ |
| ७ | छिटो | छाटा | साटा |
| ८ | छानाबाट पानी चुहियो । | घुरीउदाई पानी चुइयो । | पाखाउदाइ पानी चुइयो । |
| ९ | गोरस छ कि ? | सुकिलो मुकिलो छ ? | गोरस्यालो छ कि ? |

यो अध्ययनमा अछाम जिल्लाको साँफेबगरअन्तर्गतको आठसौ क्षेत्रको स्थानीय भाषामा देखिएका भेदहरूलाई व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यसँग तुलनात्मक अध्ययन गरिएको छ । यस भाषिक भेदमा आफ्नै किसिमको प्रयोग रहेको पाइन्छ । व्याकरणात्मक कोटि भन्नाले परम्परागत अर्थमा शब्दवर्गलाई लिने गरिएको छ (न्यौपाने र अन्य, २०६७ ) । व्याकरणात्मक कोटिहरू वक्तासँग सम्बन्धित विशेष अर्थका लागि भाषा विशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन् । (बन्धु, २०५३ : ४) । यहाँ व्याकरणिक कोटिहरूको स्तरीय नेपाली भाषा र अछामी स्थानीय भाषिक भेदहरू तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

### ४.२.१ लिङ्ग

भाले, पोथी वा त्योभन्दा भिन्न जातिलाई जनाउने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ । यसले कुनै वस्तु, व्यक्ति वा पदार्थको पहिचानलाई जनाउँदछ (भुसाल र भट्ट, २०७३ : ४०२) । भाषाको व्यवस्थाअनुसार लिङ्ग व्यवस्थामा विविधता पाइन्छ । नेपाली भाषामा मानवीय नामिक शब्दका लागि पुलिङ्गी र स्त्रीलिङ्गी भाषाको प्रयोग गरिन्छ भने मानवेत्तरका लागि पुलिङ्गी भाषाको प्रयोग गरिन्छ । संस्कृत भाषामा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुसंक लिङ्गको व्यवस्था रहेको छ । अफ्रिकाली भाषा परिवारको 'स्वाहिली' भाषामा सजीव र निर्जीव लिङ्ग व्यवस्था रहेको छ । भाषामा सबल र दुर्वलहरूका लागि अलग-अलग लिङ्ग व्यवस्था रहेको छ ।

नेपाली भाषामा मूलतः नाम, विशेषण र क्रियापदमा लिङ्गभेद रहेको पाइन्छ । कतिपय नेपाली शब्दहरू आफैँमा कुनै लिङ्गसम्बद्ध देखिन्छ भने कतिपय शब्दहरूले रूपायित भएर लिङ्गबोध गराउँदछन् ।

#### ४.२.१.१ नामका आधारमा लिङ्ग

कुनै पनि मूर्त वा अमूर्त दृश्य वा अदृश्य वस्तु वा धारणा जनाउने शब्दलाई नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ । स्तरीय नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषा दुवैमा स्त्रीलिङ्ग र पुलिङ्ग प्रयोग गरिने रूपहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

**नामका आधारमा लिङ्गको तुलना**

| **स्थानीय भाषिक भेद** | | **नेपाली भाषा** | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| वैकन | वैकिनी | लोग्ने | स्वास्नी |
| छोरेट्टा | छोरेट्टी | केटा | केटी |
| बल्ल | गायो | साँढे | गाई |
| बुबु | बजै | हजुरबुबा | हजुरआमा |
| दाजी | बउजु | दाई | भाउजु |
| बाग | बग्यानी | बाघ | बघिनी |
| फोल्याउटो | फोल्याउटी | छोरा | छोरी |
| व्याउलो | व्याउली | दुलाहा | दुलही |

माथि उल्लेखित तालिकामा नाम पदलाई नेपाली भाषाको सापेक्षतामा साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिकाको तुलनात्मक रूपले प्रस्तुत गर्दा लिङ्ग विधानमा समानता देखिए तापनि शैली ध्वनि वा उच्चारण व्यवस्थामा असमानता देखियो । नेपाली भाषामा स्त्रीलिङ्ग बनाउँदा स्त्रीलिङ्ग प्रत्यय देखियो भने खस भाषिका भेदमा पनि धेरैजसो समान व्यवस्था रहेको पाइयो ।

### ४.२.१.२ सर्वनामका आधारमा लिङ्ग

नाम, नाम पदसमूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । अछामी भाषिका र स्तरीय नेपाली भाषा दुवैमा सर्वनामको लिङ्गभेद भएको पाइयो । जस्तै :

**तालिका नं. ३**

**सर्वनामका आधारमा लिङ्गको तुलना**

| **स्थानीय भाषिक भेद** | | **नेपाली भाषा** | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| ऊ भात खाँदो छियो । | ऊ भात खाँदी छी । | ऊ भात खान्थ्यो । | ऊ भात खान्थी । |
| तमी बाइ जाँदा भयाके | तमी बाइ जानी भयाकी । | तिमी गइ जान्छौ । | तिमी गइ जान्छेउ । |
| तुमी क्या खाँदा छौ । | तुमी क्या खानी छौ । | तपाइँ के खानु हुन्छ । | तपाइँ के खानु हुन्छ । |

अछामी स्थानीय भाषिक भेदमा नेपाली भाषाका, हजुर, तँ, तपाइँ, तिमी, यिनी जस्ता सर्वनामहरूमा तम्रा, तुमी, तमी, तुँ सर्वनामको प्रयोग गरिन्छ । माथिको तालिकामा स्तरीय नेपाली भाषा र स्थानीय भाषिक भेदमा उच्चारण वा ध्वन्यात्मक आधारमा निकै भिन्नता देखिन्छ ।

### ४.२.१.३ **विशेषणका आधारमा लिङ्ग**

नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । नामसँग गरिने, कुन, कस्तो, कति, कत्रो आदि प्रश्नका उत्तरमा आउँछ (बराल र एटम, २०६३) ।

नेपाली भाषा र यस स्थानीय भाषिक भेदका विशेषणहरूको लैङ्गिक भेदको समानता र असमानताका उदाहरण निम्नानुसार प्रस्तुत गरिएका छन् :

### तालिका नं. ४

### विशेषणका आधारमाा लिङ्गको तुलना

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| यो कसो सुगाउनु छ। | यो कसी सुगाउँली छ। | यो कस्तो फोहोरी छ। | यो कस्तो फोहोरी छे। |
| सरोज कौलो रोटो खान्छ। | सपना कौलो रोटो खान्छ। | सरोज नरम रोटी खान्छ। | सपना नरम रोटी खान्छे। |
| राम नानु छ। | सीता नानी छ। | राम सानु छ। | सीता सानी छे। |

नेपाली भाषामा हरेक गुणबोधक विशेषण र परिणामबोधक विशेषताहरू यस भाषिक भेदमा आफ्नै छुट्टै स्वरूप रहेका छन्; जस्तै : माथिको तालिकाअनुसार सुगाउनु, कौंलो र नानु पुलिङ्गबाट स्त्रीलिङ्गमा रूपान्तरण गर्दा वर्णमा 'इ' कारले परिवर्तन गरेको छ।

### ४.२.१.४ क्रियाको आधारमा लिङ्ग

वाक्यमा कर्ताले गरेको काम, घटेको घटना, अवस्था वा स्थिति बुझाउने शब्दलाई क्रिया भनिन्छ। क्रियाले वाक्यमा विधेयको काम गर्छ र वाक्यलाई टुङ्ग्याउँछ।

### तालिका नं. ५

### क्रियाको आधारमा लिङ्गको तुलना

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| भाउ गोत्थी जाँदो छ। | भाउ गोत्थी जाँदी छ। | भाइ गोठालो जान्छ। | बहिनी गोठालो जान्छे। |
| बल्ल दौणीकन बाइग्यो। | गायो दौडिकन बाइग्यो। | साँढे दौडेर गयो। | गाई दौडेर गयो। |
| क्या काम हर्दोछ। | क्या काम हर्दिछ। | के काम गर्छ। | के काम गर्छे। |

माथिको तालिकाअनुसार यस स्थानीय भाषिका र नेपाली भाषामा क्रियामा लिङ्ग भेद नदेखिए तापनि शब्द उच्चारण र क्रियाको बनावटमा केही भिन्नता देखिन्छ ।

### ४.२.२ वचन

सङ्ख्यासँग सम्बन्धित व्याकरणिक कोटिलाई वचन भनिन्छ । भाषाअनुरूप वचनको सङ्ख्या र व्यवस्थामा विविधता पाइन्छ । नेपाली, हिन्दी, अङ्ग्रेजी, भाषामा एकवचन र बहुवचन गरी वचनका दुईप्रकार रहेका छन् भने संस्कृत, राई, लिम्बु भाषामा एकवचन, द्विवचन र बहुवचन गरी वचनका तीन प्रकार रहेका छन् । भाषाका सन्दर्भमा वचनको अभिव्यक्ति नाम सर्वनाम विशेषण र क्रियापदबाट हुन्छ । वचनबोधक सर्गको प्रकृति भने भाषाअनुरूपको हुने गर्दछ ।

**तालिका नं. ६**

**वचनका आधारमा तुलना**

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| भैसो आयो । | भैसा आया । | भैसी आयो । | भैसीहरू आए । |
| माइस आयो । | माइस आया । | मान्छे आयो । | मान्छेहरू आए । |
| तेरो काम नाइके त आज । | तम्रो काम नाइके त आज । | तिम्रो काम छैन आज । | तपाइँहरूको काम छैन आज । |

माथिको तालिकामा स्तरीय नेपाली भाषा र स्थानीय भाषिक भेदका वाक्यहरूबिच रहेको वचनगत (एकवचन र बहुवचनमा स्थान्तरण) हुँदा, ओकारान्त, ‘एकारान्त’ र ‘हरू’ प्रत्ययको प्रयोग गरिन्छ ।

#### ४.२.२.१ नामको आधारमा वचन

नामको आधारमा वचनलाई साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिका र स्तरीय नेपाली भाषामा निम्नानुसार तुलनात्मक अध्ययन गर्न सकिन्छ :

(क) **अमानवीय सङ्ख्या नामका आधारमा वचन**

**तालिका नं. ७**

**अमानवीय सङ्ख्या नामका आधारमा वचन**

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| बल्ल सरु पस्यो | बल्ल सरु पस्या | साँढे बालीमा गयो । | साँढेहरू बालीमा गए । |
| रोटो आन्न | रोटा आन्न | रोटी देन । | रोटीहरू देउन । |
| दौउरा आन्न जान्छौउ । | दौउरा आन्न जान्छौउ । | दाउरा ल्याउन जान्छस् । | दाउरा ल्याउन जान्छौ । |

माथि उल्लेखित तालिकामा स्थानीय भाषिक भेद र स्तरीय नेपाली भाषामा कर्ताअनुसारको क्रियाको सङ्गतिबाट बहुवचनको रूप पहिचान गरिन्छ । स्तरीय नेपाली भाषामा अमानवीय नामहरू वाक्यमाा कर्ता भएर आएका वैकल्पिक रूपमा 'हरू' प्रत्ययको प्रयोग गरिन्छ ।

(ख) **मानवीय सङ्ख्येय नाममा वचन**

**तालिका नं. ८**

**मानवीय सङ्खेयका आधारमा नामको तुलना**

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| छोरेट्टो बाइ गयो । | छोरेट्टा बाइ गया । | केटो गयो । | केटाहरू गए । |
| भाउ आयो । | भाउ आया । | भाइ आए । | भाइहरू आए । |

### ४.२.२.२ ओकारान्त सङ्खेय नाममा वचन

तालिका नं. ९

ओकारान्त सङ्खेय नाम र वचनको तुलना

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| गाउँणो कसो छ। | गाउँणा कसा छन्। | गाउँमा कस्तो छ। | गाउँमा कस्ता छन्। |
| गुइयणो बस्यो। | गुइयणा बस्या। | भँगेरो बस्यो। | भँगेराहरू बसे। |
| रोटो बल्यो। | रोटा बल्या | रोटी जल्यो | रोटीहरू जले। |

उल्लिखित तालिकामा स्थानीय भाषिक भेदमा बहुवचनमा 'हरू' को प्रयोग नगरिकन वाक्यात्मक संरचना स्पष्ट देखिन्छ।

यहाँ नाम शब्दको ओकारान्त एकवचन र आकारान्त बहुवचनमा जोडिन्छ।

### ४.२.२.३ सङ्ख्यावाचक तथा कोटिकरणमा वचन

तालिका नं. १०

सङ्ख्यावाचक तथा कोटिकरण र वचनको तुलना

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| एक दानु नस्पाती। | चार दाना नस्पाती। | एक दाना नास्पती | पाँच वटा नास्पती। |
| एक थैलो कोद्याको धुलो। | तीन थैला कोद्याका धुला। | एक थैला कोदोको पिठो। | तीन थैला कोदोको पिठो |

माथि उल्लेखित तालिकाअनुसार अछामी स्थानीय भाषिक भेदमा स्तरीय नेपाली भाषा कोटिकरण वचनमा वटा जोडिएरझैँ जोडिँदैन । ओकारान्त र आकारान्तमा एकवचन र बहुवचनको बोध हुन्छ भन्ने कुराको पुष्टि हुन्छ ।

### ४.२.२.४ सर्वनामका आधारमा वचन

स्तरीय नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिक भेदमा पुरुषवाचक सर्वनामको वचन भेद गरिएको पाइन्छ । स्तरीय नेपाली भाषामा सर्वनामको बहुवचन बनाउँदा 'म' बाहेक अन्य सर्वनाम 'हरू' प्रत्यय जोडिन्छ । स्थानीय भाषिक भेदमा कुनै पनि सर्वनाममा 'हरू' प्रत्यय लागि सर्वनामहरूको रूपमा विकार आएर वचन भेद भएको पाइन्छ ।

**(क) पुरुषवाचक सर्वनाम**

यस स्थानीय भाषिक भेदमा पनि स्तरीय नेपाली भाषामा जस्तै : प्रथम पुरुषवाचक सर्वनाम, द्वितीय पुरुषवाचक सर्वनाम र तृतीय पुरुषवाचक सर्वनामको प्रयोग हुन्छ ।

**(अ) प्रथम पुरुषवाचक सर्वनाम**

यस स्थानीय भाषिक भेदमा पनि स्तरीय नेपाली भाषाका प्रथम पुरुषवाचक सर्वनाम म, हामी, को प्रयोग गरिन्छ । जस्तै :

**तालिका नं. ११**

**प्रथम पुरुषवाचक सर्वनामको तुलना**

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| म पुत्ला हेन्न गयां । | हामी पुत्ला हेन्न गयौ । | म जात्रा हेर्न गएँ । | हामीहरू जात्रा हेर्न गयौँ । |
| म कोल गयां । | हामी कोल गयौ । | म तेल पिस्न गएँ । | हामीहरू तेल पिस्न गयौँ । |

माथि उल्लेखित तालिकामा स्थानीय भाषिक भेदमा पनि, म, हामी जस्ता सर्वनामको प्रयोग भएको पाइन्छ । तसर्थ बहुवचन बनाउँदा स्तरीय नेपाली भाषामा जस्तो वैकल्पिक रूपमा 'हरू' प्रत्ययका रूपमा अछामी स्थानीय भाषिक भेदमा प्रयोग नहुने देखिएको छ ।

**(आ) द्वितीय पुरुषवाचक सर्वनाम**

अछामको साँफेबगर क्षेत्रमा बोलिने स्थानीय भाषिकामा भने द्वितीय पुरुषको लागि तो र तमीको प्रयोग भएको पाइन्छ ।

**तालिका नं. १२**

**द्वितीय पुरुषवाचक सर्वनामको तुलना**

| स्थानीय भाषिक भेद | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| तो सैनाको तिहुँन खा । | तमी सैनाको तिहुँन खाउ । | तिमी सिस्नुको तिहुँन खाउ । | तपाइँ सिस्नुको तिहुँन खानुहोस् । |
| तमी कइल जान्याहौ । | तमी कहिले जान्यौउ । | तिमी कहिले जान्छौ ? | तपाइँहरू कहिले जानुहुन्छ ? |

यसरी यस भाषिकामा एकवचनमा तो, बहुवचन तथा आदरार्थी समेतमा तमीको प्रयोग भएको पाइन्छ । स्तरीय नेपाली भाषामा जस्तो 'हरू' प्रयोग भएको पाइदैन ।

**(इ) तृतीय पुरुषवाचक सर्वनाम**

वक्ता र स्रोताबाहेक अरूको सन्दर्भ जनाउने सर्वनामलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ (अधिकारी, २०६६ : २८) । बोल्ने मान्छेले सुन्ने मान्छेसँग जसका विषयमा कुरा गरेको छ । त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई तृतीय पुरुषवाचक भनिन्छ (बराल र एटम, २०६३ : १५) । अछामी भाषिकामा पनि यो, त्यो, यी, ती, ऊ जस्ता तृतीय पुरुषवाची सर्वनाम हुन्छन् । जस्तै :

**तालिका नं. १३**

**तृतीय पुरुषवाचक सर्वनामको तुलना**

| **स्थानीय भाषिक भेद** | **नेपाली भाषा** |
|---|---|
| आफू गोत्थी बाइगया । | श्रीमान् गोठालो जानु भयो । |
| त्यो अर्नो खादोछ । | त्यो नास्ता खान्छ । |
| ती कुणा मात्रै हरदा । | ती कुरा मात्रै गर्छन् । |
| उ छकालै बाइगयो । | उ बिहानै गइहाल्यो । |
| यी पड्डा छन् । | यिनीहरू पढ्छन् । |

माथि उल्लेखित उदाहरणबाट अछामी भाषिका र स्तरीय नेपाली भाषाका आदररहित तृतीय पुरुष, एकवचन सर्वनाम त्यो, उमा एकरूपता देखियो । अछामी भाषिकाको मध्यम आदरवाची तृतीय पुरुषवाचक सर्वनामहरू यी, ती, ऊ नेपाली भाषाका यी, ती, ऊ र बहुवचनका यिनीहरू, तिनीहरूको काम गरेका छन् ।

(ख) **दर्शकवाचक सर्वनाम**

जुन सर्वनामले नजिक वा टाढा रहेका व्यक्ति वा पदार्थलाई तोकेर देखाउँछ, त्यसलाई दर्शकवाचक सर्वनाम भनिन्छ (बराल र एटम, २०६३ : १५) । दर्शकवाचक निकटवर्ती र दूरवर्ती गरी दुई प्रकारका हुन्छन् । स्थानीय अछामी भाषिकामा पनि यी, त्यो, यो, ती, यिनीहरू, तिनीहरू प्रयोग गरिन्छ । जस्तै :

**तालिका नं. १४**

**दर्शकवाचक सर्वनाम**

| **स्थानीय भाषिक भेद** | **नेपाली भाषा** |
|---|---|
| यी कति राम्णा फूरका छन् । | यी कति राम्रा रिवन छन् । |
| यो सुगाउनी छ । | यो फोहोरी छे । |

माथि उल्लेखित तालिकाअनुसार स्थानीय भाषिक भेद र मानक नेपाली भाषाबिच देखिएका निकटवर्ती सर्वनामहरू प्रायः समान रूपमा प्रयोग हुने भन्ने कुरा स्पष्ट देखिन्छ ।

## (ग) दूरवर्ती दर्शकवाचक सर्वनाम

टाढाका वस्तु वा पदार्थहरूलाई तोकेर देखाउने सर्वनाम दुरवर्ती दर्शकवाचक सर्वनाम हुन् । जस्तैः त्यो, ती, उ, तिनीहरू, उनीहरू । दूरवर्ती दर्शकवाचक सर्वनामलाई निम्नानुसार उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

**तालिका नं. १५**

**दूरवर्ती दर्शकवाचक सर्वनामको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| त्यो भाउँको सात्या हो । | त्यो भाइको साथी हो । |
| ती अल्की लाउदा छन् । | ती झुटो बोल्छन् । |
| ऊ सपुरो छ । | ऊ पातलो छ । |

## (घ) सम्बन्धवाचक सर्वनाम

एउटा उपवाक्यको अर्को उपवाक्यसँग सम्बन्ध जोड्न आउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । जो, जोजो, जुन, जोसुकै, जुनसुकै आदि सर्वनाम सम्बन्धवाचक हुन् । स्थानीक भाषिक भेदमा जल्लेपन, ज्यापन, जसरीतसरी, ज्या आदि सर्वनामहरू हुन् ।

**तालिका नं. १६**

**सम्बन्धवाचक सर्वनामको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| जोपन मकी काम लाउँदा छन् । | जो पनि मलाई काम लाउँछन् । |
| ज्या भन्दा छौ त्यइ हरूला । | जे भन्छौ त्यही गर्छु । |
| जल्लेपन भिक्कै पानी खानु । | जसले पनि धेरै पानी खानु । |
| ज्या धेक्पो त्यइ रिगो हरदो । | जे देख्यो त्यही माग्छ । |

माथिको तालिकामा सम्बन्धवाचक सर्वनाम स्थानीय भाषिक भेदमा भएका जो, ज्या, ज्यापन, केइ, जस्ता सर्वनाम स्तरीय नेपाली भाषामा जो, जे, जसले जस्ता केहीमा परिवर्तन भएको देखिन्छ ।

**(ङ) प्रश्नवाचक सर्वनाम**

कुनै व्यक्ति वा वस्तुका बारेमा प्रश्न गर्दा प्रयोग हुने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ (बराल र एटम, २०६३ : १५) ।

को, के, कुन आदि प्रश्नावाचक सर्वनाम हुन् । यस स्थानीय भाषिक भेदमा को, क्या, काउँदो, काँ जस्ता प्रश्नवाचक सर्वनाम रहेको पाइन्छ । जस्तै :

**तालिका नं. १७**

**प्रश्नवाचक सर्वनामको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| क्या भयो ? | के भयो ? |
| काँ हाइ आइ ? | कहाँबाट आइस् ? |
| क्या छान्नीबार मन लाउदो छइ ? | के अन्तिममा मन लाउँछस् ? |

स्थानीय अछामी भाषिकामा प्रयोग भएका प्रश्नवाचक सर्वनामहरू काँ, क्या, स्तरीय नेपाली भाषाका प्रश्नवाचक सर्वनाम के, कहाँ जस्ता सर्वनामको सट्टामा प्रयोग भएका देखिन्छन् ।

### ४.२.३ पुरुष

वक्ता, श्रोता र विषयवस्तुलाई जनाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ (भुसाल र भट्ट, २०७३: ४०४) । भाषिक सञ्चार वा कुराकानीका क्रममा वक्ता, श्रोता र चर्चा गरिने विषयको आवश्यकता पर्दछ । यसैका आधारमा पुरुषलाई विभिन्न प्रारूपमा विभाजन गरिएको पाइन्छ । अधिकांश भाषामा यसका प्रथम, द्वितीय र तृतीय पुरुष गरी तीन प्रकार रहेका छन् । नेपाली भाषामा सर्वनाम र क्रियापदमा पुरुष भेद देख्न सकिन्छ । स्तरीय र

नेपाली भाषाझैं यस अछामी भाषिक भेदमा पनि प्रथम, द्वितीय र तृतीय गरी तीन प्रकारका पुरुषको व्यवस्था पाइन्छ ।

### ४.२.३.१ प्रथम पुरुष

प्रथम पुरुषलाई वक्ता सन्दर्भ पनि भनिन्छ । वक्ताको सन्दर्भमा आउने म र हामीसँग अन्विति हुन सक्ने विशेषता तथा भेदकहरू पनि सर्वनामद्वारा सन्दर्भिक हुने लिङ्ग र वचन अनुरूप प्रयुक्त हुन्छन् (अधिकारी, २०६६ : ८९) । प्रथम पुरुष बोल्ने व्यक्ति वा वक्तालाई जनाउन प्रयोग गरिन्छ । म, आफू, हामी, हामीहरू प्रथम पुरुषका रूपहरू हुन् ।

यस स्थानीय भाषिक भेदमा पनि मानक नेपाली भाषाझैं क्रिया र सर्वनाममा प्रथम पुरुषको रूपमा निम्न प्रकार रहेका छन् ।

**तालिका नं. १८**

**प्रथम पुरुषको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| म रैबार दिन आयाकी हुँ । | म निमन्त्रणा दिन आएकी हुँ । |
| मइले त उइलाई छालाग्या की सुच्या । | मैले त उसलाई भूत लाग्यो की सोचे । |
| हामीकन छोरेट्टी भनी हेला रहदा । | हामीलाई केटी भनी हेप्छन् । |

### ४.२.३.२ द्वितीय पुरुष

द्वितीय पुरुष वक्ताको विषयवस्तु श्रोता हुन्छ । त्यसैले यसलाई स्रोता सन्दर्भ पनि भनिन्छ । एकवचनमा तँ द्वारा सन्दर्भित हुने लिङ्ग र वचनअनुसार क्रियापद विशेषण र भेदकहरूमा समेत सर्वाङ्गीण रहन्छ (अधिकारी, २०६६ : ८९) । यो सुन्ने व्यक्ति वा श्रोताहरूलाई जनाउन प्रयोग गरिन्छ ।

तँ, तिमी, तिमीहरू, तपाइँ, यहाँ, तपाईहरू, हजुर हजुरहरू द्वितीय पुरुषका सर्वनाम हुन् । मानक नेपाली भाषा जस्तै अछामी भाषिक भेदमा पनि द्वितीय पुरुष सर्वनाम तमी, को वाक्यमा प्रयोग हुने उदाहरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**

**द्वितीय पुरुषको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| तमीकन छाँटा आया भन्दा छिया । | तपाइलाई छिटो आउनु भन्नुहुन्थ्यो । |
| तमी बाइकन आइगया | तपाइ खेत जोतेर आउनु भइसक्यो । |

### ४.२.३.३ तृतीय पुरुष

वक्ता र श्रोता बाहेकको कथ्य विषयवस्तु तृतीय पुरुषमा व्यक्त हुन्छ (अधिकारी, २०६६ : ९०) । बोल्ने मान्छेले सुन्ने मान्छेसँग जसका बारेमा कुरा गरेको छ, त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई तृतीय ऊ, त्यो, उनीहरू, उहाँ, उहाँहरू तृतीय पुरुष सर्वनाम हुन् । यस स्थानीय भाषिक भेदमा पनि तृतीय पुरुष सर्वनामका रूपमा उ, त्यो, वाँ जस्ता पर्दछन् । जस्तै :

**तालिका नं. २०**

**तृतीय पुरुषको तुलना**

| स्थानीय भाषिक भेद | नेपाली भाषा |
|---|---|
| उ छकाल प्याइ । | उ विहान सुत्केरी भई । |
| त्यो आज खेल लाउन जान्या भन्दिछी । | त्यो आज देउडा खेल्न जान्छु भन्थी । |
| वाँ जेठीज्यू कइल आया बई । | उहाँ आमाजू कहिले आउनु भयो । |

यस तालिकामा स्तरीय नेपाली भाषामा भएका तृतीय पुरुष सर्वनामझै यस स्थानीय अछामी भाषिका भेदमा देखिएका सर्वनामहरू पनि रहेका छन् । यी दुई भाषाहरूविच ध्वन्यात्मक एवम् रूपात्मक विशेषताको छनक भएको पुष्टि हुन आउँछ ।

(क) **सर्वनामको आधारमा पुरुष**

साँफेबगर क्षेत्र अछाममा बोलिने अछामी भाषिकामा प्रयोग हुने सर्वनाम र मानक नेपाली भाषाका सर्वनामको निम्नानुसार प्रयोग गरिन्छ :

**तालिका नं. २१**

**सर्वनामको पुरुषको तुलना**

| **पुरुष** | **स्थानीय भाषिक भेद** | **नेपाली भाषा** |
|---|---|---|
| प्रथम | म, हामी | म, हामी, हामीहरू |
| द्वितीय | तँ, तमी, तुमी | तँ, तिमी, तपाइँ, तिमीहरू, तपाइँहरू |
| तृतीय | ऊ, वाँ उइ | ऊ, उनी, उनीहरू उहाँहरू |

(ख) **क्रियाको पुरुष**

अछाम क्षेत्रमा बोली नै स्थानीय भाषिक भेद र नेपाली भाषामा क्रियाको पुरुषसम्बन्धी देखिने समानता र भिन्नतासम्बन्धी केही उदाहरण तलको तालिकाबाट प्रष्ट्याउन सकिन्छ :

**तालिका नं. २२**

**क्रियाको पुरुष**

| **पुरुष** | **स्थानीय भाषिक** | **स्तरीय नेपाली भाषा** |
|---|---|---|
| | म न्यार काट्न जाँदो भया । | म घाँस काट्न जान्छु । |
| | मैले झिक्कै काम हऱ्या । | मैले धेरै काम गरेँ । |
| | हामीले हण धुइ आयौ । | हामी नुहाएर आयौँ । |
| द्वितीय पुरुष | तम्रा फोल्याटा फोल्याँटी कसा छन् धेक्या । | तपाईका केटाकेटी ठिकै छन् । |
| | तमी भावर बाटी कइल आया । | तपाइँ तराईबाट कहिले आाउनुभयो ? |
| | तँ हणइदो मयल पड्डा सम्म पन हण धुदैन । | तँ शरीर फोहोर हुँदासम्म पनि धुँदैन । |
| तृतीय पुरुष | उइकी बजई आछिन । | उसकी हजुर आमा हुनुहुन्न । |
| | वाँ काँ बाइगया बइ । | उहाँ कहाँ जानुभयो ? |

माथि उल्लेखित तालिकाअनुसार मानक नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिक भेदमा देखिएका वचनगत, पुरुषगत व्यवस्थालाई क्रियाको रूपतात्त्विक तहमा हेर्दा कतिपय अवस्थामा समान देखिन्छ भने कतिपय अवस्थामा असमानता देखिन्छ । शब्द वा रूप संरचनामा फरक देखिए तापनि अर्थगत रूपमा भने समान देखिन्छ । नेपाली भाषामा 'कर्ता कर्म क्रिया' को प्रयोग पाइन्छ भने यस स्थानीय भाषिक भेदमा कतै कर्म कर्ता र कतै क्रिया कर्म कर्ताको व्यवस्था पनि देखिन्छ । जस्तै :

अर्नो तँ खान्या हइ की ? - खाजा त खान्छस् की ?

उठदइन हँ वुणी त ? - उठदैन हँ छोरा त ?

### ४.२.४ आदर

सम्मान भाव प्रकट गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ । भाषाको व्यवस्थाअनुसार आदर जनाउन प्रयोग गरिने शब्द र सर्गमा विविधता हुन्छ । नेपाली भाषामा सामान्य, मध्यम, उच्च र अत्युच्च आदरका चार तह रहेका छन् (भुसाल र भट्ट, २०७३ : ४०५) । समाजको मर्यादाअनुसार वाक्यमा आदरको प्रयोग गरिन्छ (बराल र एटम्, २०६३: ३९) ।

स्तरीय नेपाली भाषामा आदरका विभिन्न तहहरू छुट्याइएका छन् ।

यसरी नेपाली भाषासरह यस स्थानीय भाषिक भेदमा आदरका तहहरू छुट्टाछुट्टै रहेका छन् । जस्तै :

तालिका नं. २३

आदरको आधारमा तुलना

| | स्थानीय भाषिक भेद | | मानक नेपाली भाषा | |
|---|---|---|---|---|
| | एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| आदररहित | तँ रोटो खा । | तमी रोटा खाउ । | त रोटी खा । | तिमीहरू रोटी खाऊ । |
| सामान्य आदर | तमीले साग गोणाकी ? | तमीले साग गोणाकी । | तिमीले साग गौड्यौ । | तिमीहरूले साग गौड्यौ |
| उच्च आदर | तमी काँ गया छिया । | तमी का गया छिया । | हजुर कहाँ जानु भएको थियो । | हजुरहरू कहाँ जानु भएको थियो । |
| उच्चतम आदर | तमी सइरी गयाकी | तमी सइरी गयाकी | मौसुफ सुती गई बक्स्योकी ? | मौसुफहरू सुती गई वक्स्योकी ? |

यसरी नेपाली भाषामा किसिमले आदरका तहहरू वर्गीकरण गरिए पनि यस स्थानीय भाषिक भेदमा भने आदररहित र सामान्य आदर रहेको पाइन्छ भने जातीय वा वर्गीय भाषिक स्थितिमा उच्च आदर समेत भेटिएको पाइन्छ ।

### ४.२.५ कारक र विभक्ति

सम्बन्धात्मक कोटिका रूपमा क्रियासँग सम्बन्धित नाम पदावलीहरू नै कारकहरू हुन् (बन्धु, २०५३ : १७९) । वाक्यको बाह्य संरचनामा विभिन्न पद वा पदावलीहरूको कर्ता, कर्म, पुरक, क्रियायोगी र क्रियापद भई आफूअनुसार कार्य सम्पन्न गर्ने हुन्छन् । तर उक्त कर्ता कर्म आदि वाक्यात्मक कार्यको स्थानमा आएका पदहरूलाई हेरेमा तिनमा यस किसिमका आर्थी सम्बन्ध वा अर्थगत भूमिकाहरू अन्तनिर्हित भएका देखिन्छन् । यस्ता भूमिकालाई कारक भनिन्छ (अधिकारी, २०६६ : १३३) ।

वाक्यमा क्रियापदसँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक शब्द ‘नाम, सर्वनाम, विशेषण’ का रूपहरूलाई कारक भनिन्छ । नाम, सर्वनाम र विशेषणका रूपहरूले क्रियासँग सम्बन्धित भई कर्ता, कर्म, करण आदिको भूमिका खेली वाक्यलाई अर्थयुक्त बनाएका छन् ।

तसर्थ : कारक क्रियासँग सम्बन्धित हुने त्यस्तो व्याकरणिक कोटि हो, जसले नामिक शब्दको सट्टामा प्रयोग भई कारकीय भूमिकामूलक अर्थ निर्धारण गरेको हुन्छ । मानक नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिक भेदमा कारकको निर्धारण विभक्तिका आधारमा हुने गरेको पाइन्छ । कारक र विभक्ति दुवै भिन्नभिन्नै तथा एक अर्काका परिपूरक भई समन्वयकारी सम्बन्ध तोकेका दुई व्याकरणिक कोटि हुन् । मानक नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने अछामी भाषामा कारकसँग विभक्तिको पनि अध्ययन गर्न आवश्यक रहेको छ ।

कारक नामिक पदहरूको क्रियासँगको कार्यगत सम्बन्ध भएकाले सम्बन्ध र सम्बोधन कारकलाई समावेश नगर्ने परम्परा बसेको पाइन्छ । सबै किसिमका भाषामा कारकको व्यवस्था समान नहुन सक्छ । यसैको आधारमा मानक नेपाली भाषा र साँफेबगर क्षेत्र अछाममा बोलिने अछामी भाषाको कारक व्यवस्थाको बारेमा तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. २४**

**कारक र विभक्तिको तुलना**

| क.सं. | स्थानीय भाषिक भेद | | | नेपाली भाषा | | |
|---|---|---|---|---|---|---|
| | कारक | विभक्ति | विभक्ति चिह्न | कारक | विभक्ति | विभक्ति चिह्न |
| १ | कर्ता | प्रथम | है, ले, बाटी | कर्ता | प्रथम | ले बाट |
| २ | कर्म | द्वितीय | कि, साथ, लाई, कन | कर्म | द्वितीय | लाई |
| ३ | करण | तृतीय | बाटि, ले, है | करण | तृतीय | ले बाट द्वारा |
| ४ | सम्प्रदान | चतुर्थी | कन, कि, लागि | सम्प्रदान | चतुर्थी | लाई, लागि, निम्ति |
| ५ | अपादान | पञ्चमी | धेकी, बाटी, | अपादान | पञ्चमी | देखि, बाट |
| ६ | सम्बन्ध | षष्ठी | को, का, की, नो, ना, नी | सम्बन्ध | षष्ठी | को, का, की, रो, रा, रो, नो, ना, नी |
| ७ | अधिकरण | सप्तमी | उदा, उणा | अधिकरण | सप्तमी | मा, माथि |
| ८ | सम्बोधन | सम्बोधन | ए, ओ, हो | सम्बोधन | सम्बोधन | ए, ओ, हो |

माथि उल्लेखित कारक विभक्तिलाई तुलनात्मक रूपमा केही उदाहरणद्वारा स्तरीय नेपाली भाषा र स्थानीय अछामी भाषिक भेदको प्रयोग निम्नानुसार गरिएको छ :

**तालिका नं. २५**

**कारक र विभक्तिको तुलनात्मक भेद**

| **कारक विभक्ति** | **स्थानीय भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|---|
| कर्ता (प्रथम) | भाउले गायो आन्यो । | बहिनीले गाई ल्याइन । |
| | बाज्या बुबुले चिया खायो । | हजुरबुबाले चिया खानु भयो |
| | दा देश गया । | दाजु विदेश जानु भयो । |
| कर्म (द्वितीय) | उइले मकन फाँको दियो । | उसले मलाई चामल दियो । |
| करण (तृतीय) | म बाटी किताब लियो । | म द्वारा किताब लियो । |
| सम्प्रदान (चतुर्थी) | अर्नो भाइकन हो । | नास्ता भाइका लागि हो । |
| | तमी मेरान्युती मऱ्या । | तिमीहरू मेरा निम्ति मऱ्यौ । |
| उपदान (पञ्चमी) | नाउलाबाटी पानी आन्यो । | कुवाबाट पानी ल्यायो । |
| सम्बन्ध (षष्ठी) | तपेसका सात्या गया । | तपेसका साथीहरू गए । |
| | मेरी कइसु किताब पढ्नीछन् । | मेरी आन्टी किताब पढ्नु हुन्छ । |
| अधिकरण (सप्तमी) | खाटमी धागो छ । | खाटमाथि धागो छ । |
| | घरउणी भाउजु छन् । | घरमा भाउजु हुनुहुन्छ । |
| सम्बोधन | ओ काखी काँ जानी भया । | ओ काकी कता जानु हुन्छ ? |

#### ४.२.५.१ अर्थका आधारमा कारक

**(क) कर्ता कारक**

वाक्यमा क्रियाको व्यापार गर्ने रूपलाई कर्ताकारक भनिन्छ । कर्ताकारक अछामी भाषिक भेदमा बाटि, है, ले र स्तरीय नेपाली भाषामा ले, बाट, द्वारा विभक्तिका साथ आउने गर्दछ । जस्तै :

**तालिका नं. २६**

**कर्ता कारकको तुलना**

| **स्थानीय भाषिक भेद** | **मानक नेपाली भाषा** |
|---|---|
| मइले खिचणा खाया । | मैले खिचडी खाएँ । |
| मतारीले खाना पकायो । | आमाले खाना पकाउनु भयो । |
| बुवा स्कूल है आया । | बुवा विद्यालयबाट आउनुभयो । |

माथि उल्लेखित उदाहरणलाई हेर्दा स्तरीय नेपाली भाषामा कारक जनाउन प्रयोग हुने विभक्ति चिह्न अछामी भाषिक भेदमा कारक जनाउन प्रयोग हुने विभक्ति चिह्न संरचनागत एवम् उच्चारणगत भिन्नता भए पनि अर्थगत समानता रहेको पाइन्छ ।

**(ख) कर्म कारक**

वाक्यात्मक संरचनामा कर्मको प्रत्यक्ष सम्बन्ध क्रियाको कार्य व्यापारसँग राख्ने कारकलाई कर्म कारक भनिन्छ । स्तरीय नेपाली भाषामा 'लाई' विभक्ति अछामी भाषिक भेदमा कन, कि, लाई विभक्तिका साथ आउँछ । जस्तै :

**तालिका नं. २७**

**कर्मकारकको तुलना**

| **अछामी भाषिका** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| गोसीले भाउकी घुमायो । | नन्दले बहिनीलाई घुमाउनु भयो । |
| दा कन बल्ल मारदो छ । | दाइलाई साँढे हान्छ । |

(ग) **करण कारक**

यसले वाक्यमा क्रियाको व्यापार गर्नु साधन हुने नामिक रूपलाई जनाउँछ । नेपाली भाषामा ले, बाट, द्वारा र अछामी भाषिकामा ले, बाटी विभक्ति चिह्नको प्रयोग भएको पाइन्छ ।

**तालिका नं. २८**

**करणकारकको तुलना**

| **अछामी भाषिका** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| बुबुले हाटहै टाला आन्यो । | हजुरबुबाले बजारबाट कपडा ल्याउनुभयो । |
| काखीले लठ्ठीले साप मा-यो । | काकीले लौरोले सर्प मार्नुभयो । |
| ऊ बस बाटी आयो । | ऊ बसबाट आयो । |

(घ) **सम्प्रदान कारक**

कर्मले जसलाई अभिप्रेरित गर्छ त्यो सम्प्रदान हो (पौडेल र खनाल, २०६५ : २१२) । वाक्यमा कर्ताले कसैलाई दियो र दिने वस्तुको प्रयोजन लाभ वा प्राप्तिलाई सम्प्रदान कारक भनिन्छ । जस्तै :

**तालिका नं. २९**

**सम्प्रदान कारकको तुलना**

| **अछामी भाषिका** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| तँ उइकी सात्या जा । | तिमी उसकी साथी हुन जाऔ । |
| मइले गुरुकी कर जोड्या । | मैले गुरुलाई नमस्कार गरे । |
| उ मकि भिक्कै सम्झयाको छियो । | ऊ मलाई धेरै सम्झेको थियो । |
| पुसाइकी न्यूति चिठी लेख्छन् । | फुपाजूका निम्ति चिठी लेख्छन् । |

मानक नेपाली भाषामा लाई, लागि, निम्ति, विभक्तिबाट अभिव्यक्त हुन्छ भने अछामी भाषिक भेदमा न्यूति, की, कन, लागि विभक्ति चिह्नबाट अभिव्यक्त हुन्छ ।

**(ङ) अपादान कारक**

यसले वाक्यमा क्रियाको विश्लेषण र अवधि जनाउँछ । नेपाली भाषामा देखि, बाट देखिन र साँफेबगर क्षेत्र अछाममा बोलिने स्थानीय भाषिकामा उदो, बाटी, दै जस्ता अपादान कारकको प्रयोग भएको पाइन्छ ।

**तालिका नं. ३०**

**अपादान कारकको तुलना**

| **अछामी भाषिका** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| ऊ बेली गाउँबाटी आइ । | ऊ हिजो गाउँबाट आइ |
| सपना अघिधेकी मुज्यालाउणी छ । | सपना घण्टौंदेखि कोठामै छिन् । |
| दईबाटी छाइ बन्यो । | दहीबाट मही बन्यो । |

स्तरीय नेपाली भाषामा देखि, बाट, जस्ता विभक्ति चिह्नहरू लाग्छन् भने अछामी भाषिक भेदमा बाटि, उदो, दई जस्ता विभक्ति चिह्नहरू लाग्दछन् ।

**(च) अधिकरण कारक**

कार्यव्यापार सम्पन्न गर्ने कर्ताको आधार नै अधिकरण हो (पौडेल र खनाल, २०६४ : २१२) । वाक्यमा हुने कामको ठाउँ, समय वा विषयको आधार देखाउने नामिक शब्दलाई अधिकरण कारक भनिन्छ । स्तरीय नेपाली भाषामा माथि, मा, जस्ता विभक्ति चिह्न लाग्दछन् भने अछामी भाषिक भेदमा उणा, म्वा, मि, उदो जस्ता विभक्ति चिह्न लाग्दछन् । जस्तै :

**तालिका नं. ३१**

**अधिकरण कारकको तुलना**

| **अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| बानर रुखनी बस्याको छ। | बादर रुखमा बसेको छ। |
| कमल रातउरो चोखा थेक्तैन। | कमल रातमा आँखा देख्दैन। |
| बासल्याउणो तेल हुँदो छ। | तोरीमा तेल हुन्छ। |
| रुखनी घोल धेक्याको छ। | रुखमा गुँड देखेको छ। |

### ४.२.५.२ रूपका आधारमा कारक

रूपका आधारमा कारकलाई सरल र तिर्यक् गरी दुई भागमा विभाजन गरिएको पाइन्छ।

**(क) सरल कारक**

विभक्तिका चिह्न तथा प्रत्यय नलागी कारकको बोध हुन्छ भने त्यसलाई सरल कारक भनिन्छ। नेपाली भाषामा सरल कारक प्रयोग कर्ता, कर्म र अधिकरणमा भएको हुन्छ (पौडेल र खनाल, २०६४ : २१२)। अछामी स्थानीय भाषिक भेदमा पनि सरल कारकको प्रयोग कर्ता, कर्म र अधिकरण कारकमा भएको देखिन्छ। जस्तै :

**अ) कर्ता कारक**

**तालिका नं. ३२**

**कर्ता कारक**

| **अछामी स्थानीय भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| म चोतो खाँदो छु। | म मूला खान्छु। |
| त्यो आउदइ छियो। | त्यो आउदै थियो। |
| ऊ छाइ खादो छ। | उ मही खान्छ। |
| मुज्यालो खुलाइ छ। | ढोका खुला छ। |

### आ) कर्म कारक

वाक्यमा विभक्ति चिह्न तथा प्रत्ययको प्रयोग नभई प्रत्यय रूपमा क्रियाको कार्यव्यापार कर्मसँग निर्वाह गर्न सक्ने कारकलाई कर्मकारक भनिन्छ । जस्तै :

**तालिका नं. ३३**

**कर्म कारक**

| अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| गाणउदा नजाउ । | खोलातिर नजाऊ । |
| छोरेट्टा आया । | केटाहरू आए । |
| उँ सुगाउना छन् । | उनी नराम्रा छन् । |
| उल्ले खेल लायो । | उसले डेउडा खेल्यो । |

यसरी स्तरीय नेपाली भाषा र अछामी भाषिक भेदमा कर्ता, कर्म, करण, अपादान सम्प्रदान अधिकरण र सम्बन्ध कारक तिर्यकको प्रयोग भएको पाइन्छ । यी दुवै भाषा र भाषिक भेदमा विभक्ति रूपले कारकको बोध गराएको पाइन्छ । त्यस भाषाले दिने अर्थमा कुनै भिन्नता नभए तापनि तिनले लिने कारकीय चिह्न प्रयोगमा अछामी भाषिकामा केही भिन्नता देखिन्छ भने त्यस्तै कारकीय सिद्धान्त र व्यवस्थापनमा समानता भए पनि विभक्ति चिह्नमा फरक देखिन्छ ।

### (ख) तिर्यक् कारक

विभक्ति चिह्न लागेका कारकलाई तिर्यक् कारक भनिन्छ । रूपका दृष्टिले विशिष्ट वा चिन्हित प्रकृतिको कारकलाई तिर्यक कारक भनिन्छ । यसको रूपायन हुन्छ र विकारी नामिक रूपमा विभक्ति, प्रत्यय आदि लागि परिवर्तन हुन्छ (पौडेल र खनाल, २०६४ : २१३) । स्तरीय नेपाली भाषामा ले, लाई, बाट, देखि, को, मा जस्ता विभक्ति लागेर तिर्यक कारक बन्छ भने यस स्थानीय भाषिक भेदमा मुथी, बाटी, ले, कन जस्ता विभक्ति चिह्न लागेर तिर्यक् कारक बन्छ । जस्तै :

## तालिका नं. ३४

## तिर्यक कारक

| अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| मतारीले | आमाले |
| गोसीकी | नन्दलाई |
| बउजुको | भाउजुको |
| बउजुकन | भाउजुको लागि |
| बउजुबाटी | भाउजुबाट |

नामिक पद र क्रियापदका बिचको सम्बन्ध जनाउने व्याकरणिक कोटिलाई कारक भनिन्छ । कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध, अधिकरण र सम्बोधन गरेर कारकीय चिह्नका रूपमा विभक्तिको प्रयोग गरिन्छ । नेपाली भाषा र अछामी भाषिक भेदमा लिङ्गअनुसार सङ्गति भएको पाइन्छ । नेपाली भाषाको नामपदलाई अछामी भाषासँग तुलना गर्दा लिङ्ग व्यवस्थामा भेद समानता पाइन्छ । यस स्थानीय भाषिक भेदमा कर्ता र क्रियाको सम्मलितबाट बहुवचन व्यक्त हुन्छ । स्तरीय नेपाली भाषामा 'हरू' प्रत्यय लागेर बहुवचन हुन्छ ।

प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष नेपाली भाषा र अछामी भाषिक भेदमा पुरुषहरू प्रथम, द्वितीय र तृतीयमा समान व्यवस्था रहेको पाइन्छ भने बहुवचनमा 'हरू' प्रत्यय लाग्दैन । नेपाली भाषामा कर्तामा 'ले' विभक्ति लगाइन्छ भने नेपाली भाषाको 'बाट' विभक्तिको सट्टा यस अछामी भाषिक भेदमा 'बाटी' विभक्तिको प्रयोग गरिन्छ । त्यस्तै द्वारा विभक्ति भने प्रयोगमा देखिँदैन ।

नेपाली भाषाको द्वितीय विभक्तिमा प्रयोग हुने 'लाई' को सट्टामा 'कन' की जस्ता विभक्ति चिह्नहरूको प्रयोग गरिन्छ । स्तरीय नेपाली भाषामा प्रयोग हुने 'निम्ति' को सट्टा पनि 'न्यूति' माथिको सट्टा 'मुथी' जस्ता विभक्ति चिह्नको प्रयोग हुने गर्दछ । नेपाली भाषामा

बाट, ले, लाई, देखि, जस्ता विभक्ति चिह्न लागेर तिर्यक कारक हुन्छ भने स्थानीय अछामी भाषिक भेदमा धेखी, कन, बाटी, मुथी जस्ता विभक्ति चिह्न लागेर तिर्थक कारक बन्दछ ।

### ४.२.६ काल

क्रियाले वर्णन गरेको काम वा अवस्थाको समयलाई काल भनिन्छ (बराल र एटम, २०६३ः ९४) । अभिव्यक्तिको समयलाई आधार बनाएर कालको निर्धारण गरिन्छ । व्यक्त गर्दा भइसकेको र भइनसकेको आधारमा काल छुट्याउन सकिन्छ । जसरी बाह्य जगतमा समयलाई भूत, वर्तमान र भविष्यत् गरी तीन प्रकारमा विभाजन गरिन्छ । भाषाको रूपात्मक व्यवस्थाका आधारमा नेपालीमा दुई मात्र काल रहेका छन् । क) भूतकाल ख) अभूतकाल (अधिकारी, २०६६ : ११८) ।

समयसूचक व्याकरणिक कोटिलाई काल भनिन्छ । कालले क्रियापदद्वारा वर्णित कार्यव्यापारको समयलाई जनाउँछ । प्रत्येक भाषामा क्रियापदका अलग अलग रूपले काललाई विभिन्न भागमा विभक्त गरेका हुन्छन् । परम्परागत व्याकरणले नेपाली भाषाका काललाई वर्तमान, भूत र भविष्यत गरी तीन प्रकारमा वर्गीकरण गरेको भए पनि आधुनिक दृष्टिमा यसलाई भूत र अभूत गरी दुई वर्गमा विभक्त गरिएको पाइन्छ । साथै यसको प्रयोग प्रचलन पनि बढ्दै गइरहेको देखिन्छ । स्तरीय नेपाली भाषामा भूतकाल र अभूतकाल जस्तै अछामी स्थानीय भाषिक भेदमा पनि काल दुई प्रकारका पाइन्छन् ।

#### ४.२.६.१ भूतकाल

पहिले वा बितेको समयमा काम भइसकेको जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ । यस काललाई जनाउनको लागि धातुमा एँ, यौ, इस, यो, ई, ए, इन्; आदि प्रत्ययहरू जोडिएका हुन्छन् (बराल र एटम, २०६३ : ९५) । स्तरीय नेपाली भाषामा जस्तै अछामी भाषिक भेदमा पनि क्रियाको भूतकालिक रूपमा इ, या, यो जस्ता रूपायक प्रत्यय लागेर भूतकालका विभिन्न रूपहरू बनेका हुन्छन् । जस्तै :

**तालिका नं. ३५**

**भूतकाल**

| | **स्थानीय भाषिक भेद** | | **मानक नेपाली भाषा** | |
|---|---|---|---|---|
| | **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| प्रथम पुरुष | म सुणाइ छियाँ । | हामी सुणाइ छियाँउ । | म छाउपडी गोठमै थिएँ । | हामी छाउपडी गोठमै थियौँ । |
| | याँ धेक्याको छियो । | याँइ धेक्याका छियौ । | यतै देखिएको थियो । | यतै देखिएको/ देखिएका थियौ । |
| द्वितीय पुरुष | तँ छकालै घर बाइगइ | तमी छकालै घर बाइगया । | तँ विहानै घर गइस् । | तिमीहरू विहानै घर गयौ । |
| तृतीया पुरुष | उ भिक्कै बस्यो । | उ भिक्कै बस्या । | उ धेरै बस्यो । | उनीहरू घरै बसे । |

### ४.२.६.२ वर्तमानकाल

वर्तमानकालले अहिलेको समयलाई बुझाउँछ । वर्तमानकाल जनाउन धातुमा ‘छु, छौ, छस्, छौ, छ, छन् छिन आदि रहेका हुन्छन् (बराल र एटम, २०६३ : ९५) । क्रियामा वर्णित कार्यव्यापार चालु समयमा घटित भइरहेको वा हुन सङ्केत गर्ने क्रियाको रूपलाई वर्तमानकाल भनिन्छ ।

**क) सामान्य वर्तमान**

कुनै पनि घटना अहिलेको समयमा हुने सामान्य अवस्था जनाउने र कार्यव्यापार पूरा हुनु वा नहुनुको बारेमा केही पनि जानकारी वा सङ्केत नगराउने क्रियापदको पक्षलाई सामान्य वर्तमान भनिन्छ ।

**तालिका नं. ३६**

**सामान्य वर्तमान**

| **अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| रेणियो राम्णो छ । | रेडियो राम्रो छ । |
| कुकुणो ठोस्तोछ । | कुखुरा ठुङ्ग्छ । |
| भाउ भात खादिछ । | बहिनी भात खान्छे । |

### ४.२.६.३ भविष्यत्काल

भविष्यत्काल जनाउन धातुमा नेछु, नेछौ, नेछस्, नेछौ, नेछ, नेछन् नेछिन आदि प्रत्ययहरू जोडिएका हुन्छन् । यसले पछि आउने समयलाई बुझाउँछ । स्थानीय अछामी भाषिक भेदमा नेपाली भाषाको 'भेद' प्रत्ययझै 'न्याछ' प्रत्ययका रूपहरूको प्रयोग हुने गर्दछ । जस्तै :

**तालिका ४०**

**भविष्यत्काल**

| **स्थानीय भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| म माठा आउन्या हौ हा । | म ढिलो आउने छु है । |
| म राध्याको तिहुँन खान्या हुँ । | म फर्सीको तरकारी खानेछु । |
| बासा आमा छाइ दिन्या हुन् । | बेलुकी आमाले मही दिनु हुनेछ । |
| दसइमा राँगा काट्न्या हुन् । | दशैंमा राँगा काट्ने हुन् । |

स्थानीय अछामी भाषिक भेदमा भविष्यत्काललाई जनाउन 'न्याहा, न्याछ' जस्ता कृदन्तीय रूपबाट चिनाउन सकिन्छ ।

### ४.२.७ पक्ष

क्रियाको कुनै कालभित्र भएको कामको अवस्थालाई पक्ष भनिन्छ (बराल र एटम, २०६३ : ३६) । पक्षले काम हुँदै गरेको, सकिएको, बानी परेको वा कस्तो स्थितिमा रहेको छ भन्ने कुराको जानकारी दिन्छ । एउटै कालको पनि विभिन्न पक्षहरू हुने भएकाले पक्षलाई कालको मसिनो विभाजन भनिन्छ ।

परम्परागत व्याकरण पक्षलाई कालको भेदका रूपमा देखाइएको पाइन्छ । जुन उपयुक्त देखिदैन । किन भने पक्षले क्रियाको आन्तरिक प्रकृतिलाई जनाउँछ  भने कालले चाहिँ क्रियाको बाह्य परिवेश मात्र जनाउने हुन्छ । नेपालीमा मुख्य गरी चार किसिमका पक्ष व्यक्त हुन्छन् : अपूर्ण, पूर्ण अभ्यस्त र अज्ञात (अधिकारी, २०६६ : १२२) ।

#### ४.२.७.१ भूतकालका पक्षहरू

मानक नेपाली भाषाजस्तै यस स्थानीय अछामी भाषामा क्रियाको भूतकालका पाँच वटा पक्षहरू छन् ।

**क) सामान्य पक्ष**

वितेका समयका कुनै काम भयो भनेर बुझिएमा सामान्य भूतकालीन पक्ष जनाउँछ । धातुमा यो, यी, एइ जस्ता कालबोधक प्रत्यय जोडिएका सामान्य भूतकालका क्रियाहरू बन्छन् (ज्ञवाली र भट्टराई, २०६४: ६७) । धातुमा ए,ई यो, लागेर नेपाली भाषाको सामान्य भूतकालीन पक्षका क्रियाहरूले कार्य गर्छन् भने यस स्थानीय अछामी भाषाका धातुमा यो या प्रत्यय लागेर यस पक्षको निर्माण गरिन्छ । जस्तै :

**तालिका नं. ४१**

**सामान्य भूत**

| अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| गाया रोगले मऱ्या । | गाई रोगले मरे । |
| भुजो रुखइदाई छण्यो | फर्सी रुखबाट खस्यो । |
| वण सरु खान बाइगयो । | गोरु धान खान गयो । |

## ख)   अपूर्ण पक्ष

कुनै पनि कार्य वितेको समयमा हुँदै गरेको अवस्थालाई जानकारी दिनका लागि अपूर्ण पक्षको प्रयोग गरिन्छ । भूतकालको अपूर्ण पक्षमा सामान्य भूतकालको पक्षमा प्रयोग हुने ई, ए, यो जस्ता प्रत्ययसँग धातुमा दै/तै, सहायक क्रियाको प्रयोग गरिन्छ । वितेको समयमा क्रियाको कार्यव्यापार घटित हुँदै गरेको भन्ने बुझाइमा अपूर्ण भूतकाल हुन्छ । धातुमा दै, तै, दो, तो, भूतकालीन क्रियाको संरचनामा अपूर्ण भूतकाल बन्छ (ज्ञवाली र भट्टराई, २०६४: ६७) । यस अछामी भाषिक भेदमा अपूर्ण भूतकालीन पक्ष निर्माण गर्न धातु दई, दाइ, दा, दो जस्ता प्रत्यय लागेर बनेका कृदन्त र भूतकालीन सहायक क्रियाबाट गरिन्छ । जस्तै :

**तालिका नं. ४२**

**अपूर्ण पक्ष**

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| डिल घरका गोसाँइ पड्डा छिया । | छेउ घरका देवर पढ्दै |
| बड्डा गायो हेर्दा छिया । | बुढो मान्छे गाई हेर्दै हुनुहुन्थ्यो । |
| उ कुणा ह्रदो छियो । | उ कुरा गर्दै थियो । |

## ग)   पूर्ण पक्ष

भूतकालमा कुनै काम सुरु भएर पूरा पनि भएको बुझाउने क्रियाको अवस्थालाई पूर्ण पक्ष भनिन्छ (किरण र निरासी, २०७१ : ८०) । पूर्ण पक्षमा क्रियामा एको/ एकी /एका जोडिन्छ । यस अछामी भाषिक भेदमा पनि यो प्रत्यय लागेको कृदन्त क्रियाबाट गरिन्छ । जस्तै :

**तालिका नं. ४३**

**पूर्ण पक्ष**

| **अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| पुनिकी कालापाल्ती मष्टो पुज्याको हो । | पूर्णिमामा कुलदेवता पुजेको थियो । |
| धुलो बेली सक्याका छियो । | पिठो हिजो नै सकिएको थियो । |
| भाउ गणा गयाकी छी । | बहिनी खेतमा गएकी थिई । |
| भैसाकी पानी ख्वाइहेली, भन्याको छियो । | भैँसीलाई पानी दिनु भनेको थियो । |

**घ) अज्ञात पक्ष**

भूतकालमा कुनै काम सम्पन्न भएको तर त्यसको बारेमा वर्तमानमा मात्र जानकारी भएको बुझाउने क्रियाको अवस्था अज्ञात पक्ष हो (किरण र निरासी, २०७१ : ८१) । अज्ञात भूतका क्रिया धातुमा ए छु, एछौ, एछस्, एछौ, नुभएछ, एछ, इछे, इछन्, एछन्, जोडिएर बन्छन् ।

यस स्थानीय भाषिक भेदमा अज्ञात पक्ष भएको कालका निर्माण धातुमा 'य' प्रत्यय एकवचन अनादरमा र यो प्रत्यय बहुवचनमा आदरार्थी लागेको कृदन्त क्रियाबाट हुन्छ । जस्तै :

**तालिका नं. ४४**

**अज्ञात पक्ष**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| पल्ला घरकी गोसी पोइल गइछ । | पल्लो घरकी नन्दले बिहे गरिछे । |
| बेली त्यइको वण मर्‍योछ । | हिजो त्यसको गोरु मरेछ । |
| छकाल गोसाइ डिल्ली गया छन् । | विहान देवर दिल्ली गए छन् । |
| उ भावरबाटी ब्याउली आनी आयो छ । | उ तराइबाट दुलही ल्याएर आएछ । |

ङ)   **अभ्यस्त पक्ष**

बितेको समयमा बानीको रूपमा रहेको वा पहिले हुने तर अहिले नहुने कामको अवस्था बुझाउने भूतकालको पक्षलाई अभ्यस्त भनिन्छ । अभ्यस्त भूतको क्रिया धातुमा थे, थ्यौ, थिस, थ्यौ, नुहुन्थ्यो, थ्यो, थी, थे जोडिन्छन् (किरण र निरासी, २०७१ : ८१) ।

यस स्थानीय अछामी भाषिक भेदमा अभ्यस्त पक्षको कालको निर्माणमा धातुमा 'छियो, थ्यौ प्रत्यय लगाएर गरिन्छ । जस्तै :

**तालिका नं. ४५**

**अभ्यस्त पक्ष**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| उ अख्खणी रोटो खादो छियो । | ऊ पुरा रोटी खान्थ्यो । |
| भाउ नान्काछदा चोखो चोरीकन खाँदो छियो | भाई सानो हुँदा घ्यू खान्थ्यो । |
| पइलीका बैकनी छकालै उठ्नीछि । | पहिलेकी आइमाई सबेरै उठ्थिइन् । |

**४.२.७.२ अभूतकालका पक्षहरू**

नेपाली भाषामा अभूतकालका दुई प्रकार वर्तमान र भविष्यत् रहेका छन् । यस स्थानीय भाषिक भेदमा पनि नेपाली भाषाका अभूतकालका पक्षझैं रहेका छन् । नेपाली भाषामा रहेका तीनवटा पक्षअनुसार यस स्थानीय भाषाको तुलना निम्नानुसार गरिन्छ ।

(क)   **सामान्य पक्ष**

वर्तमान र भविष्यत् गरी सामान्य पक्ष दुई किसिमका छन् ।

अ)   **सामान्य वर्तमान**

अहिलेको समयमा काम हुन्छ भन्ने बुझाउने क्रियाको अवस्थालाई सामान्य वर्तमान काल भनिन्छ । यसमा क्रियाको अन्त्यमा छु, छौ, छस, छौ, छ, छे, छिन, आदि जोडिन्छ ( किरण र निरासी, २०७१: ८२) । यस अछामी स्थानीय भाषिक भेदमा पनि धातुमा 'छ' प्रत्यय लागेर सामान्य वर्तमान हुने गर्छ । जस्तै :

**तालिका नं. ४६**

**सामान्य वर्तमान**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| बउजु जितारो पिन्छन् । | भाउजु जाँतो पिस्नु हुन्छ । |
| छकालै कोद्याको रोटो खान्छ । | विहानै कोदोको रोटी खान्छ । |
| भाउ गणो जोत्छ । | भाइ खेत जोत्छ । |
| तमी छाइ खान्छौ । | तिमी मही खान्छौ । |

**आ) सामान्य भविष्यत्**

पछिको समयमा काम हुने कुरा बुझाउन आउने क्रियाको अवस्थालाई सामान्य भविष्यत् काल भनिन्छ । सामान्य भविष्यत् कालका क्रियामा नेछु, नेछौ, नेछस्, नेछेस, नेछौ, नुहुनेछ, नेछस् आदि जोडिन्छन् (किरण र निरासी, २०७१: ८२) अछामी स्थानीय भाषिक भेदमा सामान्य भविष्यत् जनाउन धातुमा न्या+ छ/हो प्रत्यय जोडिन्छ । जस्तै :

**तालिका नं. ४७**

**सामान्य भविष्यत्**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| तेइकी छोरेट्टी छकाल पुग्न्या हुन् । | त्यसकी छोरी विहान पुग्ने छे । |
| यो माइस पछि राम्णो हुन्या हो । | यो मानिस पछि असल हुनेछ । |
| छाँटा भर पानी सुक्न्या हो अल्ले । | पानी छिटो भर पछि सुक्ने हो । |

#### ४.२.७.३ अपूर्ण पक्ष

अपूर्ण पक्ष वर्तमान र भविष्यत् गरी दुई प्रकारका छन् ।

**क) अपूर्ण वर्तमान**

क्रियाको कार्यव्यापार अहिले भइरहेको अवस्थालाई अपूर्ण वर्तमानले जनाउँछ । अछामी भाषिक भेदमा दो, दाइ, दई, जस्ता प्रत्ययहरू धातुमा लागेर वर्तमानकालीक अपूर्ण पक्ष निर्माण हुन्छ । जस्तै :

**तालिका नं. ४८**

**अपूर्ण वर्तमान**

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| पुसाइ क्या कुणा हद्दाइ छन् । | फूपाजु के कुरा गर्दै हुनुहुन्छ । |
| वैकन पन्याराई आउदाइ छन् । | लोग्ने पधेरोबाट आउदै हुनुहुन्छ । |
| गाठागुठी स्कूल जाँदाइछन् । | केटाकेटी स्कूल जाँदैछन् । |

**ख) अपूर्ण भविष्यत्**

पछि हुने समयमा कुनै काम हुँदै गर्ने निश्चितता बुझाएमा अपूर्ण भविष्यत् हुन्छ ( ज्ञवाली र भट्टराई, २०६४: ६९) । अछामी भाषिक भेदमा यो पक्षको धातुमा दो, दाइ, दई, जस्ता प्रत्यय (हु छु न्या मा जोडेर गरिन्छ । जस्तै :

**तालिका नं. ४९**

**अपूर्ण भविष्यत्**

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| यइतक मुज्यालामी लेख्दइ हुन्या छ । | यसबेला कोठामा लेख्दै हुनेछ । |
| अल्लेबाटी चाहा खादै हुनेछन् । | केही छिनपछि चिया खादै हुनेछ । |
| यइबेला बासा म खादै हुन्याउ । | यतिबेला बेलुकी म खादै हुनेछु । |

### ४.२.७.४ पूर्ण पक्ष

स्तरीय नेपाली भाषाभै यस स्थानीय भाषिक भेदमा अभूतकालिक पूर्ण रूपमा रहेका वर्तमान र भविष्यत् गरी दुई प्रकारका हुन्छन् :

**क) पूर्ण वर्तमान**

वर्तमान समयमा कुनै काम भइसकेको तर त्यसको असर बाँकी रहेको अवस्थालाई पूर्ण वर्तमान भनिन्छ । स्थानीय अछामी भाषिक भेदमा पक्षको निर्माण धातुमा 'योको' प्रत्यय लागेर बन्दछ । जस्तै :

**तालिका नं. ५०**

**पूर्ण वर्तमान**

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| मुइले बउजुलाई धेक्याकी छु । | मैले भाउजुलाई देखेकी छु । |
| दारिम टिप्याका छन् । | अनार टिपेका छन् । |
| तँ गोत्थी गयाको छई । | तँ गोठालो गएको छस् । |
| मलाई कति राम्रणा बच्छा किन्याका छन् । | मलाई धेरै राम्रो कपडा किनेका छन् । |

**ख) पूर्ण भविष्यत**

पछिको समय वा भविष्यत् कालमा कुनै काम पूरा भएको बुझाउन आउने क्रियाको अवस्थालाई पूर्ण भविष्यत् काल भनिन्छ (किरण र निरासी, २०७१: ८३) । यसमा क्रियाको पछाडि एको/एका, एकी जोडिएर त्यसपछि हुनेछु, हुनेछौ, हुनेछस्, हुनेछन् आदि आउँछन् । यस स्थानीय अछामी भाषामा पनि 'या' को प्रत्यय 'न्याछ' का रूपसँग जोडिन्छ । जस्तै :

तालिका नं. ५१

पूर्ण भविष्यत्

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| म आउन्यतक गईसक्याका हुन्याछौ । | म आउने बेला गइसकेका हुनेछौ । |
| उ राम हेर्न पइला पुग्याको हुन्या छ । | ऊ जात्रा हेर्न अगाडि नै पुगेको हुनेछ । |
| भदु घर पुग्याकी हुन्या हो । | भतिजी घर पुगेकी हुनेछे । |

### ४.२.८ भाव

भाषा प्रयोग गर्ने व्यक्ति (वक्ता वा लेखक) को मनोभाव वा मनशायलाई बुझाउँदा फेरिने क्रियाको रूपालाई भाव /अर्थ भनिन्छ (बराल र एटम, २०६३: १०२) । भावको अभिव्यक्ति क्रियापदको भिन्नताबाट हुन्छ । यस्ता मनोभावहरूमा सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत पर्दछन् ।

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ (अधिकारी, २०६६: १२५) ।

यसरी विभिन्न परिभाषाहरूलाई विश्लेषण गर्दा भावको अभिप्राय वक्ताको मनोभाव वा वृत्ति हो । स्तरीय नेपाली भाषामा ५ प्रकारका भाव व्यवस्था रहेको पाइन्छ भने अछामी भाषिक भेदमा पनि ५ प्रकारकै भाव व्यवस्था रहेको देखिन्छ । भावका भेदहरूको चर्चा क्रमशः गरिएको छ ।

#### ४.२.८.१ सामान्यार्थक भाव

वक्ताको सामान्य मनोभाव अभिव्यक्त गर्ने क्रियापद सामान्यार्थ हुन्छ (बराल र एटम, २०६३ : १०३) । सामान्यार्थमा निश्चित अर्थ हुन्छ, जसले कुनै कुराको जानकारी दिन्छ । यहाँ अछामी भाषिका र स्तरीय नेपाली भाषाका केही सामान्यार्थ भाव भएका वाक्यहरू तुलनात्मक रूपले उदाहरणद्वारा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५२**

**सामान्यार्थक भाव**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| कइसु आई | सानी आमा आउनु भयो । |
| म भोली न्यार जान्या हुँ । | म भोली घाँस काट्न जाने छु । |
| वणले सरु खायो । | गोरुले धान खायो । |

**४.२.८.२ आज्ञार्थक भाव**

वक्ताको मनोभाव कुनै काम गर्नाका लागि आज्ञा आदेश वा अनुरोधका रूपमा प्रकट भएमा त्यो क्रियापद आज्ञार्थ हुन्छ (बराल र एटम, २०६३: १०३) । आज्ञार्थको क्रियापद प्रथम पुरुष र तृतीय पुरुषमा हुदैन केवल द्वितीय पुरुषमा मात्रै हुन्छ । यसमा कालको भेद हुँदैन । स्थानीय अछामी भाषिक भेद र स्तरीय नेपाली भाषाका केही आज्ञार्थक वाक्यको तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. ५३**

**आज्ञार्थक भाव**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| तमी रोटी खाऊ । | तपाई रोटी खानुहोस् । |
| भाउ किताब पण । | बहिनी किताब पढ । |
| छाटा गणा जाऊ । | छिटो खेतमा जानुहोस् । |
| हाँटहै नुन लैयाउ । | बजारबाट नुन ल्याउनु है । |

यस अछामी भाषिक भेद र स्तरीय नेपाली भाषामा आज्ञार्थक भावको समान व्यवस्था रहेको पाइन्छ । यो भावार्थक प्रक्रिया द्वितीय र तृतीय पुरुषका क्रियाको भाव व्यक्त

भएको पाइन्छ । सामान्य आदरार्थी र आदररहितका रूपमा पनि आज्ञार्थक भाव पाइन्छ । ध्वन्यात्मक र रूपगत भेदभन्दा अन्य कुरामा नेपाली भाषा र अछामी भाषिक भेदमा समान व्यवस्था रहेको पाइन्छ ।

### ४.२.८.३ इच्छार्थक भाव

इच्छा, अनुमति, आशीर्वाद, उपदेश, बिन्ती, प्रार्थना आदि भावलाई व्यक्त गर्ने क्रियापद इच्छार्थ हुन्छ (बराल र एटम, २०६३ : १०३) । यसमा आज्ञार्थमा भन्दा कमजोर रूपको आदेश हुन्छ । सामान्यतया इच्छार्थको कार्य तत्कालै गरिने हुँदैन वा वक्ताको त्यसमा खास बल पुग्दैन । स्तरीय नेपाली भाषा र अछामी भाषिक भेदका इच्छार्थक भाव भएको वाक्यहरूलाई तुलनात्मक रूपले अध्ययन गरिएको छ ।

**तालिका नं. ५४**

**इच्छार्थक भाव**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| उइका छोरेट्टो हँउ । | उसका छोरो होस् । |
| तँ निकहरी पढेइ । | तँ राम्ररी पढेस् । |
| तम्रो भगवानले रक्षा दरुन् । | तिम्रो भगवानले रक्षा गरुन । |
| भाग्याली भएई । | भाग्यमानी भएस् । |
| सबै राम्रणा रह्या । | सबै स्वस्थ रहुन् । |

### ४.२.८.४ सम्भावनार्थक भाव

सम्भावना, अनुमान, अड्कल आदि अनिश्चयको भाव बुझाउन प्रयोग गरिएको क्रियापदको रूप सम्भावनार्थ हुन्छ (बराल र एटम, २०६३ : १०४) । यसमा काम हुने र नहुने कुनै निश्चित हुँदैन । मानक नेपाली भाषामा भावलाई सङ्केत गर्नका लागि धातुमा ला, (उला/उँली), लास् लिस् औला/औली, लिन लान आदि 'ला' का रूपायन आउँछन् भने अछामी स्थानीय भाषिक भेदमा पनि नी, ना, लाई, ली ला आदि जस्ता रूपायक प्रत्ययहरूको प्रयोग हुन्छ । जस्तै :

तालिका नं. ५५

सम्भावनार्थक भाव

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| तम्रो भलो होला । | तिम्रो कल्याण होला । |
| सात्या पन्यारा जान्ना । | साथी धारामा जालान् । |
| त्या लेतो होलाकी । | त्यहाँ हिलो होला । |
| बउजु स्कुल जान्नी । | भाउजु स्कूल जालिन् । |

### ४.२.८.५ सङ्केतार्थक भाव

कार्य र कारण जोडिएर आउने भाव बुझाएमा त्यो सङ्केतार्थ हुन्छ (बराल र एटम, २०६३ : १०४) । सङ्केतार्थमा दुईवटा क्रियापद हुनै पर्छ, जसमध्ये एउटाले कार्य र अर्काले त्यसको कारणलाई देखाएका हुन्छन् । त्यसैगरी अछामी स्थानीय भाषिक भेदमा पनि सङ्केतार्थ भाव बुझाउनका लागि दुई क्रियाहरूको निहित हुन्छन् । जस्तै :

तालिका नं. ५६

सङ्केतार्थक भाव

| स्थानीय अछामी भाषिक भेद | स्तरीय नेपाली भाषा |
|---|---|
| सुगाउनु खाया विराम लाग्दो छ । | फोहोर खाँदा रोग लाग्छ । |
| मेघ आया भन्या तुल सफिन्छ । | पानी पऱ्यो भने बाली सप्रिन्छ । |
| तमी आया घुम्न जाउँली । | तिमी आउनु घुम्न जाउँली । |
| तमी भिक्कै पढ पास हुन्छौ । | तिमी धेरै पढ पास हुन्छौ । |

### ४.२.९ वाच्य

वाक्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ (बराल र एटम, २०६३ : १०५) । कर्ता, कर्म र भावसँग क्रियापदका सम्बन्ध

फेर्दा वाक्यको अर्थमा भने कुनै परिवर्तन हुँदैन । वाक्यमा कर्ता, कर्म वा भावको प्रावधानलाई बाच्य भनिन्छ (पौडेल र खनाल, २०६४ : १८१) ।

यसरी नेपाली भाषाका विभिन्न व्याकरणविद्का परिभाषाअनुसार वाच्य भनेको वाक्यमा कर्ता, कर्म र भावका आधारमा देखिने क्रियापदको सम्बन्ध हो । जो क्रियाको रूपमा व्यक्त हुने गर्दछ । यसरी नेपाली भाषामा कर्तृ, कर्म र भाव वाच्य गरी तीन प्रकारका वाच्य भएझैँ अछामी भाषिक भेदमा पनि कर्तृ, कर्म र भाव वाच्य रहेका छन् ।

### ४.२.९.१ कर्तृवाच्य

वाक्यमा कर्ता प्रधान वा वाच्य भई प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यको प्रयोग अकर्मक सकर्मक दुवै क्रियाहरूमा हुन्छ (अधिकारी, २०६६ : १६५) । कर्ता मुख्य भई कर्ताकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्तृवाच्य भनिन्छ (बराल र एटम, २०६३ : १०६) । यसरी कर्तृवाच्यमा कर्ता प्रमुख हुन्छ अर्थात् कर्ता उद्देश्यका रूपमा आउँछ । कर्तृवाच्यमा कर्ताको लिङ्ग, वचन, पुरुष, आदर अनुसार नै क्रियापदको लिङ्ग, वचन, पुरुष, आदरको रूप परिवर्तन हुन्छ । यसमा सकर्मक र अकर्मक दुवै क्रियापदको प्रयोग भएको हुन्छ । स्तरीय नेपाली भाषा जस्तै अछामी भाषिक भेदमा पनि यो पद्धति रहेको पाइन्छ । जस्तै :

**तालिका नं. ५७**

**कर्तृवाच्य**

| **पुरुष** | **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|---|
| सकर्मक क्रिया | मु अर्न्यो खान्छु । | म खाजा खान्छु । |
| | तमीले केला खाया । | तिमीले केरा खायो । |
| | भदु स्कुल पणाउँदा छन् । | भतिजो स्कुलमा पढाउँछ । |
| अकर्मक क्रिया | भाउ रुयो । | भाइ रोयो । |
| | म याइँदै बस्छु । | म यही बस्छु । |
| | हरि हण्छ । | हरि हिँडछ । |

### ४.२.९.२ कर्मवाच्य

जुन वाक्यको वाच्य कर्मप्रधान छ, त्यस्तो वाच्यलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यमा कर्म मुख्य पद भएकाले कर्मकै लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियाको प्रयोग गरिन्छ (किरण र निरासी, २०७१ : १०६) । कर्म मुख्य भई कर्मकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यको क्रियापद सकर्मक मात्र हुन्छ । कर्मवाच्यको कर्तामा 'बाट' वा द्वारा विभक्ति जोडिएको हुन्छ र क्रियापदको धातुपछि 'इ' थपिएको हुन्छ (बराल र एटम, २०६३ : १०६) । त्यसैगरी अछामी स्थानीय भाषिक भेदमा पनि कर्तामा ले विभक्ति चिह्न र क्रियापदमा 'इ' थपेर नै कर्मवाच्य बनाइन्छ । जस्तै

**तालिका नं. ५८**

**कर्मवाच्यको तुलना**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| म बाटी किताब लेखिन्छ । | मद्वारा किताब लेखिन्छ । |
| हामीबाटी रुखहरू ढालिन्छन् । | हामीहरूबाट रुखहरू दालिन्छन् । |
| रेणियोबाटी रैवार सुनियो । | रेडियोद्वारा समाचार सुनियो । |
| पुजारीबाटी पुजा गरियो । | पुजारीद्वारा पुजा गरियो । |
| कलमले चिठी लेखियो । | कलमद्वारा चिठी लेखियो । |

### ४.२.९.३ भाव वाच्य

धातुको भाव वा सम्पन्न हुने काम मुख्य भई बन्ने क्रियापदको रूपलाई भाववाच्य भनिन्छ । भाववाच्यमा उद्देश्य वा लक्ष्य नै धातुको अर्थ हुन्छ । भाव वाच्यको क्रियापद अकर्मक मात्र हुन्छ र तृतीय पुरुष, एकवचन, पुलिङ्ग तथा अनादरमा रहेको हुन्छ (बराल र एटम, २०६३ : १०७) । भाववाच्यको कर्तामा 'बाट' वा 'द्वारा' विभक्ति जोडिन्छ र त्यो गौठा बन्दछ, जसले गर्दा यो लोप पनि हुन्छ । क्रियापदमा धातुपछि 'इ' जोडिएको हुन्छ । त्यसैगरी अछामी स्थानीय भाषिक भेदमा पनि 'इ' प्रत्यय लाग्दछ । जस्तै :

**तालिका नं. ५९**

**भाववाच्यको तुलना**

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| छकाल छाँटाइ उठिन्छ । | बिहान चाँडै उठिन्छ । |
| आफू त आज हणिन्छ । | आफू त आज हिँडिन्छ । |
| म बाटी दउरा काटियो । | मद्धारा दाउरा काटियो । |

माथि उल्लेखित तुलनात्मक उदाहरणबाट नेपाली भाषामा भएको भाववाच्यको अवस्था अछामी स्थानीय भाषिक भेदमा पनि समान रूपमा रहेको पाइन्छ । ध्वनिगत तथा रूपगत भिन्नता देखिए पनि संरचनागत र अर्थगत दृष्टिले समानता रहेको देखिन्छ ।

वाक्य व्यवस्थाको तुलनात्मक अध्ययन विश्लेषण गर्दा स्तरीय नेपाली भाषाको वाच्य व्यवस्थासँग अछामी स्थानीय भाषिक भेदको वाक्य व्यवस्था धैरै कुरामा समानता देखिन्छ । वाच्यका प्रकारहरूमा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य नेपाली भाषा र स्थानीय भाषिक भेदमा दुवैमा रहेको पाइन्छ । कर्तृवाच्यमा कर्ता प्रमुख हुने सकर्मक र अकर्मक क्रियापद कुने कर्मवाच्य सकर्मक क्रिया प्रमुख हुने भाववाच्यमा अकर्मक क्रिया प्रमुख हुने गर्दछ । कर्मवाच्य र भाव वाच्यमा धातुमा 'इ' प्रत्यय लागेर बन्ने प्रक्रिया पनि समान रहेको छ । निष्कर्षमा भन्नुपर्दा रूपगत वा ध्वन्यात्मक दृष्टिले केही मात्रामा भिन्न देखिए पनि अर्थगत दृष्टिले स्थानीय भाषिक भेद र स्तरीय नेपाली भाषामा समानता रहेको पाइन्छ ।

## ४.३ नेपाली भाषालाई साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाले भाषिक सम्प्रेषणमा पार्ने सम्भावित समस्याहरू र समाधानका उपाय

### ४.३.१ नेपाली भाषालाई साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषिकाले भाषिक सम्प्रेषणमा पार्ने सम्भावित समस्याहरू

नेपाली बहुभाषिक, बहुजाति, बहुसाँस्कृतिक रीतिरिवाज, चालचलन बोकेको विविधताभित्र एकता बोकेको मुलुक हो । २०६८ को जनगणना अनुसार १२३ भाषाभाषी र १२५ जातजाति रहेका छन् । नेपाल एक सानो मुलुक हो र पनि यति धैरै भाषाभाषी,

चाडपर्व, भेषभूषा हुनु आफैमा गौरवको विषय हो । भाषाको प्रयोग क्षेत्र समाज हो । समाजविना भाषाको परिकल्पना समेत गर्न सकिदैन ।

## १. स्तरीय नेपाली पठनपाठनको समस्या

नेपाली भाषा शिक्षणका कक्षामा बहुसङ्ख्यक विद्यार्थीहरू अछामी भाषिकाको प्रयोग गर्ने हुन्छन् । पठनपाठनको भाषा र परिवारको भाषा फरक फरक हुने कारणले स्तरीय नेपाली शिक्षणमा समस्या देखा पर्दछ । यी समस्या विद्यार्थीसम्बद्ध मात्र नभई शिक्षकसम्बद्ध भएर पनि देखा पर्दछन् । शिक्षक विद्यार्थीको उच्चारण अवयवनिबद्ध आङ्गिक समस्या ज्ञान परिवेश लगायतले पनि स्तरीय नेपाली सिकाइमा समस्या सृजना हुन्छ । यसका उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| मुज्यालाउनो | कोठाभित्र |
| खण जानु | खेर जानु |
| वैकन | लोग्ने मान्छे |

## २. साहित्यिक लेख रचनामा समस्या

पहिलो भाषा आमाको काखमा सिकिने भाषा हो । यसलाई मातृभाषा वा स्रोत भाषा पनि भनिन्छ । यो अनौपचारिक एवं स्वतन्त्र वातावरणबाट सिकिन्छ । जब व्यक्ति विस्तारै विस्तारै दोस्रो भाषा वा स्तरीय नेपाली भाषाको प्रभावमा पर्न थाल्छ तब उसलाई लेखन कार्यमा पनि पहिलो एवम् मातृभाषाको प्रभाव पर्न थाल्छ । पहिलो भाषाका तुलनामा दोस्रो भाषाको सिकाइ कृत्रिम प्रकृतिको हुन्छ । यसमा मूलतः नियन्त्रित एवम् औपचारिक वातावरणको आवश्यकता पर्ने भएकाले यसको सिकाइमा पहिलो भाषाका वर्ण, शब्द, वाक्य, सङ्गति आदिले प्रभाव पार्छ । दोस्रो भाषा समाज तथा विद्यालयीय वातावरणबाट सिकिन्छ । दोस्रो भाषा निश्चित उद्देश्य र आवश्यकता पूर्तिका लागि सिकिन्छ । यसमा पहिलो भाषाको अनुभवयुक्त मस्तिष्कद्वारा सिकाइ एवम् लेख रचना प्रक्रिया समेत प्रभावितव हुन्छ । जस्तैः

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| सुगाउनु खाया विराम लाग्दो छ । | फोहोर खाँदा रोग लाग्छ । |
| तमी झिक्कै राम्रणी छौ । | तिमी धेरै राम्री छौ । |
| तुमी जनजाउँ । | तिमी नजाउँ । |
| साप आयो । | सर्प आयो । |

### ३. सिर्जनात्मक अभिव्यक्तिमा समस्या

भनिन्छ सिर्जनशीलता मानव जातिको विशिष्ट गुण हो । यस्तो गुण जन्मजात रूपमै प्राप्त हुने भए तापनि त्यो भाषाकै माध्यमबाट अभिव्यक्त हुन्छ । कुनै पनि व्यक्तिले जसरी आफ्नो सिर्जनात्मक अभिव्यक्ति मातृभाषामा दिन सक्छ, त्यसरी दोस्रो भाषामा दिन अवश्यै पनि कठिनाइ भोग्नुपर्छ । दोस्रो भाषा सचेत भएर बोल्नुपर्ने हुँदा उसको स्वतःस्फूर्त रूपमा आउने अभिव्यक्ति हराएर जान्छ । राष्ट्रको प्रशासनिक, आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, न्यायिक आदि क्षेत्रमा आधिकारिक रूपमा प्रयोग गर्नका निम्ति सरकारी कामकाजको भाषाको रूपमा नेपाली भाषाले मान्यता गरेको हुँदा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्न पनि जरुरी देखिन्छ । यसरी पहिलो र दोस्रो भाषाको सम्मिश्रण हुँदा मौलिक अभिव्यक्तिमा समेत प्रभाव पर्छ । जस्तैः केही उदाहरण :

| **स्थानीय अछामी भाषिक भेद** | **स्तरीय नेपाली भाषा** |
|---|---|
| गाँठो | सानो केटो |
| गाँठी | सानी केटी |
| रैवार | खबर |
| वेल | सूर्य |

### ४. पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित समस्या

विद्यालय तहकै पाठ्यक्रममा भाषा विषयकै पाठ्यक्रम बिच तहगत तालमेलको अवस्था छैन । पहिलो भाषा, दोस्रो भाषाका रूपमा नेपालमा बोल्ने बिच एउटै र उस्तै

पाठ्यक्रम र पाठ्यपुस्तक हुनु, पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकबिचको सहसम्बन्ध कमजोर हुनु, व्याकरणलाई व्यावहारिक र कार्यमूलक रूपमा प्रयोग गर्नुभन्दा सैद्धान्तिक रूपमा पाठ्यपुस्तकमा दिइनु र त्यस्तै ढङ्गले शिक्षण हुनु आदि समस्या रहेका छन् ।

**५. दोस्रो भाषाका रूपमा नेपाली सिकाउने समस्या**

मातृभाषापछि सिकिने भाषा दोस्रो भाषा हो । नेपालको सन्दर्भमा नेपाली मातृभाषाबाहेकका अन्य अछामी भाषिक पृष्ठभूमि भएका विद्यार्थीलाई नेपाली भाषा सिक्नु र नेपाली नै मातृभाषाका रूपमा पढ्ने बिच शिक्षण गर्दा कठिनाइ आइपर्दछ । दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा पहिलो वा मातृभाषाको प्रभावले समस्या ल्याउने गर्दछ । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले ध्वनि, वर्ण शब्दभण्डार र वाक्यगठन आदिमा प्रशस्त त्रुटि गर्छन् । अछामी भाषा मातृभाषा भएका कारणले नेपाली सिक्दा आफ्नो मातृभाषाको प्रभावले निकै त्रुटिपूर्ण हुन सक्छ । त्यस्तै कतिपय कक्षामा नेपाली मातृभाषा भएका र नभएका विद्यार्थी एकै ठाउँमा राखी शिक्षण गर्दा पनि समस्या सिर्जना हुने गर्दछ ।

### ४.३.२ समाधानका उपायहरू

(१) नेपाली भाषाको स्तरीय रूप सिकाइ र प्रयोगमा जोड दिनुपर्ने,

(२) कक्षाभित्र र बाहिर घरपरिवार तथा समाजमा सिकारुलाई भाषिकारहित स्तरीय भाषा प्रयोगमा क्रियाशील बनाउनुपर्ने,

(३) भाषा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बद्ध समस्या समाधान गर्नुपर्ने,

(४) द्विभाषिक, बहुभाषिक विद्यार्थीलाई ध्यान दिई पाठ्यक्रम, पाठ्यपुस्तक तयार पार्नुपर्ने,

(५) दक्ष तालिम प्राप्त तथा द्विभाषिक शिक्षकको व्यवस्था गर्नुपर्ने,

(६) शिक्षण विधिमा विविधता र सामग्री प्रयोगमा व्यापकता ल्याउनुपर्ने,

(७) भाषा शिक्षणप्रतिको परम्परागत, सङ्कुचित धारणामा परिवर्तन ल्याउनुपर्ने,

(८) स्तरीय नेपाली सिक्नु पर्नाका कारण र उपयोगिताका बारेमा सचेत तुल्याउने ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

अछाम जिल्ला, सामाजिक, साँस्कृतिक, ऐतिहासिक एवम् भौगोलिक दृष्टिले भिन्न पहिचान भएको जिल्ला हो । नेपालको संविधान २०७२ अनुसार प्रदेश नं. ७ मा पर्दछ । नेपाली भाषाको उत्पत्ति भएको जुम्ला जिल्लाको सिञ्जा क्षेत्र नजिकै भएकाले भाषामा आंशिक प्रभाव परेको पाइन्छ । डोटी जिल्लाको छिमेकी भएकाले अछामी भाषिकामा डोटेली र बाजुराली र सिञ्जा क्षेत्रको भाषिक प्रभाव परेको पाइन्छ । भाषाविद् बालकृष्ण पोखरेलको भाषिक वर्गीकरणमा अछाम जिल्ला ओरपच्छिमा भाषिकाअन्तर्गत विभाजन गरिएको छ ।

ऐतिहासिक पृष्ठभूमिको अध्ययनबिना कुनै पनि स्थान तथा ठाउँ विशेषको अध्ययन सधै अधुरो हुन्छ । यस जिल्लाको नामकरणको सन्दर्भमा तीन किसिमका जनश्रुतिहरू पाइन्छन् । वि.सं. २०६८ को जनगणनाअनुसार अछामी भाषा आफ्नै मौलिक विशेषता भएको भाषाको रूपमा उल्लेख गरिएको पाइन्छ ।

प्रस्तुत शोधपत्र आदि, मध्य र अन्तिम गरी तीन खण्डमा संरचित छ । पहिलो खण्डमा अनुसन्धानको प्रयोजन सहित व्यक्ति तथा संस्थाको परिचय स्पष्ट पारिएको आवरण पृष्ठ रहेको छ । त्यसैको प्रतिरूप मुखपृष्ठ पनि यसमा रहेको छ । प्रतिबद्धतापत्र शोध निर्देशकको सिफारिस पत्र, स्वीकृति पत्र तथा सङ्क्षेपीकृत सूची यसै खण्डमा रहेका छन् ।

पाँच अध्यायमा यो शोधकार्य संरचित छ । पहिलो अध्यायमा शोधको परिचय रहेको छ । यसअन्तर्गत परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधकार्यको सान्दर्भिकता र उपादेयता, शोधकार्यको सीमाङ्कन, शोधपत्रको रूपरेखा उल्लेख गरिएको छ ।

यस शोधपत्रको अध्याय दुईमा पूर्वाध्यापन र सैद्धान्तिक अवधारणा रहेको छ । यसअन्तर्गत सम्बन्धित साहित्यको अध्ययन, यस शोधपूर्व गरिएका भाषावैज्ञानिक अध्ययन, विगतमा गरिएका शोधकार्यको विश्लेषण, पूर्वाध्यापनको महत्त्व, सैद्धान्तिक परिचय तथा साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषाको परिचय समेत यस खण्डमा उल्लेख गरिएको छ ।

अध्याय तिनमा शोध अध्ययन विधि र प्रक्रिया रहेको छ । नेपाल बहुभाषिक मुलुक भएकाले यहाँका प्रत्येक जिल्लामा विभिन्न स्थानीय भाषाहरू रहेका पाइन्छन् । यी विभिन्न

भाषाभाषीहरू हुँदाहुँदै पनि सबै भाषाको खोज अध्ययन र विश्लेषण हुन सकेको छैन । उल्लेखित शोधकार्य अछाम जिल्लाको साँफेबगर क्षेत्रमा बोल्ने भाषामा केन्द्रित रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनको मुख्य केन्द्रको रूपमा साँफेबगर नगरपालिका र परिधीय रूपमा बाब्ला, घुघुरकोट, खप्तड, पातालकोट, देवीस्थान र बुढाकोट वडाहरू रहेका छन् । यिनै क्षेत्रमा बोलीचालीको रूपमा प्रयोग हुने आधारभूत शब्द र वाक्यहरूलाई सङ्कलन गरी मानक नेपाली भाषाको व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय चारमा व्याख्या तथा विश्लेषण राखिएको छ । यसअन्तर्गत साँफेबगर क्षेत्र अछाममा बोलिने अछामी विशेषताहरू प्रस्तुत गरिएको छ । क्रमशः अछामी स्थानीय भाषिक भेद र नेपाली भाषाका विभिन्न व्याकरणिक कोटिका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । लिङ्गको व्यवस्थामा नाम, सर्वनाम, विशेषण एवम् क्रियाको आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । वचनको व्यवस्थामा नामका आधारमा र सर्वनामका आधारमा विश्लेषण गरिएको छ । त्यस्तै पुरुषका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । त्यस्तै पुरुषका आधारमा पनि तुलनात्मक विश्लेषण गरिएको । त्यस्तै आदरार्थीको तुलनाका क्रममा आदररहित, मध्यम आदर, उच्च आदर, उच्चतर आदर र उच्चतम आदर गरी विश्लेषण गरिएको छ । त्यस्तै कारक र विभक्तिका आधारमा पनि तुलना गरिएको छ । त्यस्तै कालको रूपायन प्रक्रियाका आधारमा पक्षको तुलनाअन्तर्गत सामान्य पक्ष, भूत, वर्तमान र भविष्यत् अपूर्ण पक्ष भूत, वर्तमान र भविष्यत पूर्ण पक्ष : भूत, वर्तमान, भविष्यत् अज्ञात, अभ्यस्त पक्ष गरी विश्लेषण गरिएको छ । भावको तुलना सामान्यार्थ, इच्छार्थ आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी विश्लेषण गरिएको छ ।

तसर्थ सुदूरपश्चिम हालको प्रदेश नं. ७ अन्तर्गत पर्ने अछाम जिल्लाको साँफेबगर क्षेत्र अछाममा बोलिने भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन भन्ने शीर्षकमा शोधपत्र तयार पारिएको हो । केही व्याकरणिक व्यवस्था स्तरीय नेपाली भाषासँग मिल्दो देखिन्छ भने कतिपय अवस्थामा भिन्नता देखिन्छ ।

## ५.२ निष्कर्ष

उल्लेखित शोधपत्र स्नातकोत्तर तह उपाधिका लागि तयार पारिएको हो । “साँफेबगर क्षेत्र अछाममा बोलिने भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन” सँग यो अध्ययन सम्बन्धित रहेको छ ।

अहिलेको प्रदेश नं. ७ तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने अछाम जिल्लाको उत्तरी भू-भाग साँफेबगर क्षेत्र हो । अछाम जिल्लाको ऐतिहासिक एवम् साँस्कृतिक दृष्टिकोणले धेरै ठूलो महत्त्व रहेको छ । तसर्थ : भाषिक प्रयोग समेत नितान्त भिन्न रहेको छ ।

अछामी भाषाको उच्चारण गर्दा साँफेबगर क्षेत्रमा कर्ता स्वरागम (कइले-कसले) कही अल्पप्राणी भवन (बाग-बाघ) हुने गरेको स्थिति पाइन्छ । अतः साँफेबगर क्षेत्र अछाममा बोलिने अछामी भाषाको उच्चारण प्रक्रियालाई हेर्दा नेपाली भाषाको शब्दको अर्थगत समानताका लागि भिन्न संरचनामा उच्चारण हुने गर्दछ । साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषाको उच्चारणगत ध्वनिहरूको भाषावैज्ञानिक रूपमा वर्णतात्विक र ध्वनितात्विक अध्ययन भइ नसकेको अवस्था रहेको छ ।

मानक नेपाली भाषा र साँफेबगर क्षेत्रमा बोलिने भाषाको लिङ्ग व्यवस्थामा केही समानता रहेको देखिन्छ । तापनि रूपायक प्रत्यय लाग्ने अवस्थामा भने भिन्नता रहेको पाइन्छ । मानक नेपालीमा पुलिङ्गलाई जनाउन दीर्घ (ई) को प्रयोग भएको देखिदैन भने साँफेबगर क्षेत्र अछाममा बोलिने भाषामा पाइन्छ । केही उदाहरण जस्तै : पोई, दाजी, आदि । त्यसैगरी स्तरीय नेपाली भाषामा लिङ्गलाई सङ्केत गर्न (ओ) रूपायक प्रत्यय पाइदैन भने साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषामा पाइन्छ । जस्तै : घोणो, भैसो, गायो इत्यादि ।

मानक नेपाली भाषामा र अछामी भाषामा बहुवचनमा केही भिन्नता देखिन्छ भने एकवचनमा समानता पाइन्छ । नेपालीमा प्रयोग हुने ‘हरू’ प्रत्ययका सट्टामा ‘या’ ‘आ’ प्रत्ययको प्रयोग हुने गरेको पाइन्छ । गाईहरू - गाया, लोग्नेहरू आए । बैकन आया आदि ।

शब्दवर्गको व्याकरणिक कोटिका आधारमा रूप चल्नु नै रूपायन हो । रूपायन प्रक्रिया विकारी शब्द (नाम, सर्वनाम, विशेषण र क्रिया वर्ण)मा मात्र लाग्ने गर्छ । अछामी भाषाको पनि नामको रूपायन (लिङ्ग, वचन, कारक आदर) का तहमा र सर्वनामको रूपायन (पुरुष, वचन, कारक, आदर) आदिका तहमा देखाएको छ ।

पुरुष व्यवस्थामा अछामी भाषा र स्तरीय नेपाली भाषामा पनि भिन्नता रहेको छ । म कुँवा जान्छु (म नाउला जाँदोछु ) । बहुवचनमा हामी गोठालो गयौ । हामी गोत्थी गयाँउ) आदि । त्यस्तै द्वितीय पुरुषमा अछामी भाषामा 'तमी' सर्वनामको प्रयोग गरिन्छ । तृतीय पुरुष सर्वनाम उनी, उहाँ, उनीहरूलाई बुझाउन अछामी भाषाको त्याँ, बाँ, ऊ त्यो, सार्वनामिक सङ्केतको प्रयोग गरिन्छ ।

कारक व्यवस्थामा स्तरीय नेपाली भाषा र अछामी भाषाका कारक सङ्ख्यामा समानता देखिन्छ भने विभक्ति चिह्नमा भने भिन्नता देखिन्छ । जस्तै : मनी, उदो, कन, धेकी, की बाटि, आदि ।

स्तरीय नेपाली भाषाका आदरका तह आदररहित, सामान्य आदर, उच्च आदर र उच्चतम आदर गरी पाँच किसिमका छन् भने अछामी भाषामा अनादर, आदर र उच्च आदर गरी तिन प्रकारका आदर व्यवस्था रहेको पाइन्छ ।

स्तरीय नेपाली भाषामा जस्तै अछामी भाषामा पनि भूतकाल र अभूतकाल गरी दुई प्रकारका काल छन् । स्तरीय नेपाली भाषामा भविष्यत्काललाई सङ्केत गर्न 'ने' को प्रयोग गरिन्छ । भने अछामी भाषामा भेद 'न्या' प्रत्ययको प्रयोग हुने गर्छ । त्यसैगरी स्तरीय नेपाली मा भूतकाललाई सङ्केत गर्न 'इए, यो, प्रत्ययको प्रयोग पाइन्छ भने अछामी भाषामा इ, या, यो, जस्ता रूपायक प्रत्यय रहेका छन् ।

मानक नेपाली भाषा र अछामी भाषाको पक्ष, भाव र वाच्यमा केही मात्रामा समानता र केही मात्रामा असमानता रहेको पाइन्छ । अज्ञात पक्षमा वर्तमानकालिक क्रियाको प्रयोग रहन्छ । जस्तै : लियो छ हऱ्या छ आदि । त्यसैगरी भाव व्यवस्थामा पनि अछामी भाषामा आकारान्त र एकाक्षरी भएर मूल धातु मात्र रहने गर्दछ । जस्तै : बोलाउ-बाला खाउ-खा,  जाउ-जा आदि । त्यस्तैगरी वाच्य व्यवस्थामा कर्मवाच्य र भाववाच्यमा भिन्नता देखिन्छ भने कर्तृवाच्यमा केही मात्रामा समानता रहेको पाइन्छ । अछामी भाषामा बाटि ले विभक्ति थपिन्छ । जस्तैः डाक्टरबाटी उपचार हरियो- डाक्टरद्वारा उपचार गरियो । पुलिसले चोर पक्रियो- पुलिसद्वारा चोर पक्रियो आदि ।

## ५.३ उपयोगिता

यस शोधपत्रको अध्ययनपश्चात् निम्नलिखित तहमा उपयोग हुने देखिन्छ ।

### ५.३.१ नीतिगत तह

१. अछामी भाषाको ऐतिहासिक, भौगोलिक, सामाजिक जस्ता आधारलाई ख्याल गरी अध्ययन हुनु पर्ने देखिन्छ ।

२. नेपालमा बोलिने भारोपेली भाषापरिवारका विविध भाषाहरूको अध्ययन हुनुपर्ने देखिन्छ ।

३. आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिनुपर्ने नीतिअनुसार अछामी भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनमा जोड दिनु पर्दछ ।

४. प्राचीन नेपाली भाषासँग निकट सम्बन्ध भएको साँफेबगर क्षेत्रमा बोलिने अछामी भाषाको राज्यद्वारा गहन अध्ययन अनुसन्धान हुनु पर्ने ट्टकारो आवश्यकता देखिन्छ ।

५. अछामी भाषामा विभिन्न पत्रपत्रिका लेख रचना पाठ्यपुस्तक, कथा कविता समाचार आदि प्रकाशन हुनुपर्ने देखिन्छ ।

६. अछामी भाषाका शब्दलाई मानक नेपाली भाषाको आगन्तुक शब्दका रूपमा राख्नुपर्ने देखिन्छ आदि ।

### ५.३.२ प्रयोगगत तह

१. अछामी भाषा र स्तरीय नेपाली भाषाबिच तुलनात्मक अध्ययन गर्नको लागि सहयोग हुने देखिन्छ ।

२. अछामी भाषाको बारेमा थप खोज, अध्ययन, अनुसन्धान गर्न चाहने जो कोहीलाई पनि यो शोधपत्र सन्दर्भसामग्रीको रूपमा प्रयोग सहयोग पुग्ने देखिन्छ ।

३. अछामी भाषाका बारेमा लेख, रचना पाठ्यपुस्तक शब्दकोश एवम् व्याकरण निर्माण गर्न चाहानेका लागि केही मात्रामा भए पनि थप सहयोग पुग्ने देखिन्छ ।

४. अन्य मातृभाषा भएकालाई अछामी भाषाबारे जानकारी लिनको लागि सहयोग पुग्ने देखिन्छ ।

५. अन्य मातृभाषा भएका आधारभूत तहका शिक्षकहरूलाई केही मात्रामा शिक्षण सिकाइ कार्यकलापमा सहयोग पुग्ने देखिन्छ आदि ।

# सन्दर्भसामग्री सूची

आचार्य, अशोककुमार (२०६६), 'भाषिका : निर्धारक तत्त्व र पहिचानका आधारहरु', *सम्प्रेषण,* वर्ष ६, अङ्क ६, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०७२), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज, (२०६६), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, व्रतराज (२०५८), *आधारभूत नेपाली व्याकरण तथा रचना,* ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* काठमाडौं : कञ्चन प्रिन्टिङ प्रेस ।

ज्ञवाली, रामप्रसाद र गणेशप्रसाद भट्टराई (२०६४) *साधारण नेपाली,* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

जोशी, खगराज (२०६३), 'डोटेली भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, विसुराज (२०७३), 'नौविस क्षेत्रमा बोलिने बाजुराली भाषा र स्तरीय नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, ऋषिकेश (२०६२), 'अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, टङ्कप्रसाद (२०६१), *भाषा विज्ञानको रूपरेखा,* विराट नगर : कृष्णा प्रिन्टर्स ।

पाण्डेय, शिवराज (२०६८), 'बाजुरा जिल्लाको कुण्डादरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद र गणेशप्रसाद खनाल (२०६४) *नेपाली व्याकरण,* काठमाडौं : पैरवी प्रकाशन ।

प्रभाती, किरण र नारायण निरासी (२०७१), *छरितो नेपाली व्याकरण र रचना,* काठमाडौँः शुभारम्भ प्रकाशन ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञान,* काठमाडौँ : साझा प्रकाशन ।

बम, धनबहादुर (२०६९), 'बोगटान क्षेत्रमा बोलिने डोटेली भाषिकाको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६३), *साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौँ, हजुरको प्रकाशन ।

बुढा, रामचन्द्र (२०६८), 'सिँजाली भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बोगटी, नरेन्द्रबहादुर (२०७०), 'डोटेली भाषाको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीर्तिपुर ।

बोहोरा, गणेशबहादुर (२०६२), 'बझाडी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि पचिय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र केशवराज पोखरेल (२०७२), *ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव र महेशप्रसाद भट्ट (२०७३), *माध्यमिक शिक्षक नेपाली मार्गदर्शिका,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

रौले, रूपकबहादुर (२०६२), 'बाजुरेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज, लुइँटेल, खगेन्द्रप्रसाद (२०६४), *आधुनिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शाह, भरत (२०६७), 'कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।